वर्ष : १४, अंक : ४६, काठमाडौं, २०७५ फागुन २४ गते शुक्रबार, 8 March 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## थारूलाई स्वागत

काठमाडौं । टीकापुर घटनाको प्रतिवादीको रूपमा सजाय काटिसकेपछि रिहा भएका राष्ट्रिय जनता पार्टी नेपालका नेता लक्ष्मण थारूलाई स्वागत गरिएको छ ।
राजपा अध्यक्षमण्डलका नेता महन्थ ठाकुरले बिहीबार नेता थारूलाई बबरमहलस्थित राजपाको केन्द्रीय कार्यालयमा स्वागत गरेका हुन् ।
ठाकुरले नेता थारूलाई स्वागत गर्दै सांसद रेशमलाल चौधरीलाई जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएको प्रति दुःखसमेत व्यक्त गरेका छन् ।

## अदालतको फैसला दुर्भाग्यपूर्ण : थाकस

काठमाडौं । टीकापुर घटनासम्बन्धि जिल्ला अदालत कैलालीले गरेको फैसला दुर्भाग्यपूर्ण रहेको आरोप थारू कल्याणकारिणीसभाले लगाएको छ ।
थाकसका महामन्त्री प्रेमीलाल चौधरीले बिहीबार एक विज्ञप्ति जारी गरी यस्तो आरोप लगाएका हुन् । विशुद्ध संविधानको अन्तरबस्तु पहिचान सहितको नामाङ्कन, सीमाङ्कन एवं अधिकारका लागि शान्तिपूर्ण आन्दोलनरत् राजनीतिक अभियानलाई अपराधिक तथा फौजदारी मुद्दा बनाई फैसला गरेकोमा गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ । टीकापुर घटना बारे सत्य तथ्य छानबिन गर्नका लागि तात्कालिन नेपाल सरकारले पूर्व न्यायाधीश गिरिश चन्द्र लाल दास नेतृत्वको न्यायीक समिति, सर्वदलिय संसदीय समिति र राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनहरू सार्वजनिक नगरी अवज्ञा गर्दै न्यायलयको फैसला आउनु दुर्भाग्यपूर्ण ठहर थाकसको छ । थारू कल्याणकारिणी सभा र थरूहट/थारूवान संयुक्त संघर्ष समिति उक्त फैसलाप्रति खेद व्यक्त गरेका छन् । यसैगरी, थाकसले विरोधका कार्यक्रमहरूसमेत सार्वजनिक गरेको हो ।

## सीके राउतलाई रिहा गर्न आदेश

काठमाडौं । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतलाई रिहा गर्न आदेश दिएको छ ।
प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा र न्यायाधीश पुरूषोत्तम भण्डारीको इजलास साधारण तारेखमा रिहा राखेर अनुसन्धान गर्न आदेश दिएको हो ।
जिल्ला अदालतले रौतहटले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो ।
सो आदेशलाई खारेज गर्दै सर्वोच्चले थुनामुक्त गर्न आदेश दिएको हो ।

## रेशम चौधरीलाई जन्मकैद पछि राजपा तात्यो

# अदालतले फैसला गऱ्यो, न्याय गरेन !

**मधेशवाणी डेस्क**

काठमाडौं । कैलालीको टीकापुरमा थरूहट आन्दोलनका क्रममा २०७२ भदौ ७ गते भएको घटनामा जिल्ला अदालत कैलालीले राजपाका सांसद रेशम चौधरीसहित ११ जनालाई जन्मकैदको सजाय सुनाएको छ । ९ जनाको ज्यान जाने गरी भएको टीकापुर घटनामा दोषी ठहर गर्दै हरिनारायण चौधरी, राजकुमार कठरिया, सुन्दरलाल कठरिया, वृज मोहन डगौरा, राजेश चौधरी, वीरबहानुर चौधरी, प्रदिप चौधरी, विद्रोह भनेर चिनिएका सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरीलाई अदालतले जन्मकैदको सजाय सुनाएको हो ।
दोषी ठहर भएका श्रवण चौधरी नाबालक भएकाले उनलाई बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११ (३) बमोजिम १० वर्ष जेल सजाय मात्र हुने अदालतले फैसला गरेको छ ।
टीकापुरमा नेपाल प्रहरीका तत्कालीन एसएसपीसहित ८ सुरक्षाकर्मी र एक नाबालकको हत्या भएको थियो । घटनाका अभियुक्त भनिएका रेशम चौधरी फरार अवस्थामै कैलाली क्षेत्र नम्बर १ बाट गत वर्ष मंसिरमा भएको प्रतिनिधि सभा सदस्यमा उम्मेदवारी दिएर निर्वाचित भएका थिए । २०७५ पुस १९ गते पुर्पक्षका लागि थुनामा रहेका सांसद चौधरीले पद तथा गोपनीयताको शपथ लिएका थिए ।
यसैगरी अन्य प्रतिवादीहरू लक्ष्मण थारू (चौधरी), लाहुराम चौधरी, रामकुमार कठरिया, सन्तराम चौधरी, विश्राम भन्ने जीतबहादुर डगौरा, प्रेमबहादुर चौधरी, किशनलाल चौधरी, दिलबहादुर चौधरी, संगम भन्ने सन्तोष थारू चौधरी, विश्राम चौधरी, चुन्नी राम चौधरी र रामप्रसाद चौधरी रहेका



*प्रतिनिधिसभा सदस्यको शपथ तथा गोपनीयता ग्रहण गर्दै सांसद रेशमलाल चौधरी । फाइल फोटो*

छन् । सोही घटनाका दोषी जनालाई भने ३ वर्षको कैद सजाय हुने अदालतले फैसला गरेको छ ।
पुर्पक्षमा रहेका बाँकी ४ जनालाई भने अदालतले निर्दोष ठहर गर्दै सफाइ दिएको छ । जसमा नुरूल अलि, तहाँवर अलि जागा, विसराम चौधरी र रामनरेश चौधरी रहेका छन् ।

**चौधरी निलम्बित नै रहने**

चौधरीको सांसद पद निलम्बित अवस्थामै रहने भएको छ । संविधानको धारा ९० को व्यवस्थाअनुसार निलम्बन निरन्तर रहने भएको होर । यसअघि पुर्पक्षका लागि थुनामा रहेकै बेला शपथ लिए पनि उनको पद निलम्बनकै अवस्थामा थियोर । धारा ८७ र ८९ को व्यवस्थाअनुसार उनको पद जान सक्छ तर धारा ९० मा उक्त दुई धाराअनुसार पद रिक्तताको विषयमा प्रश्न उठे सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्तिम निर्णय गर्ने उल्लेख छ ।
रेशम चौधरीलाई सजाय सुनाइरहदा सशस्त्र जनयुद्धलाई लिएर १७ हजारले ज्यान गुमाउँदा त्यसका नाइके अहिलेका राजनीतिका प्रमुख व्यक्ति पुष्पकमल दाहाल प्रचण्डलाई समेत सजाय हुनु पर्ने कुरा समेत बाहिरिएको छ ।
राजपाका नेता राजेन्द्र महतो भन्छन्-'एउटा जातिको उत्थानका लागि आन्दोलनमा लागेको मानिस यसरी जेल जाने भए प्रचण्ड, केपी

*बाँकी अन्तिम पृष्ठमा*

## 'फैसलाविरूद्ध जनतासमक्ष जाने'

विराटनगर । राजपा नेपालका अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले जनताले निर्वाचित गरेको सांसदलाई अदालतबाट जन्मकैद फैसला भएकोमा त्यसविरूद्ध जनतासक्षम जाने बताएका छन् । विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले अधिकार प्राप्तिका लागि भएको सबै आन्दोलनमा सहभागी नेतालाई सजाय हुने भए विगतका सबै आन्दोलनका सहभागीलाई सजाय हुनुपर्ने विचार व्यक्त गरे ।
महतोले वर्तमान संविधानप्रति अहिले पनि आदिवासी, थारू र मधेशी समुदायका असन्तुष्टि रहेको बताउँदै अधिकार प्राप्तिका लागि आन्दोलन जारी रहेको उल्लेख गरे । उनले समान विचारधारा मिल्ने पार्टीसँग मोर्चाबन्दी गरी संविधानमा पिछडिएका जनताको अधिकार प्राप्तिका लागि शान्तिपूर्ण आन्दोलन केही दिनभित्र सुरू गर्ने बताए ।
यसैगरी अध्यक्ष मण्डलका अर्का सदस्य शरदसिंह भण्डारीले सांसदलाई फौजदारी अभियोग लगाई न्याय सम्पादन गर्दा जनतामा वितृष्णा आउने दाबी गरे । उनले मधेश आन्दोलन र थारूहट आन्दोलन छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गरेमा सबै सत्यतथ्य जनताले थाहा पाउने बताए ।

## राजपाद्वारा समर्थन फिर्ता

काठमाडौं । केपी शर्मा ओली नेतृत्वको सरकारबाट राष्ट्रिय जनता पार्टी नेपालले समर्थन फिर्ता लिएको छ । जिल्ला अदालत कैलालीले राजपाबाट निर्वाचित सांसद शेमललाल चौधरीसहित ११ जनालाई जन्मकैदको फैसला सुनाएपछि बुधबार बसेको राजपा अध्यक्षमण्डलको बैठकले यस्तो निर्णय गरेको हो । सो बैठकबाट राजपा अध्यक्षमण्डलका संयोजक महेन्द्र यादवद्वारा जारी विज्ञप्तिमा 'थरूहट आन्दोलनका नेता, कैलाली क्षेत्र नं. १ बाट निर्वाचित सांसद माननीय रेशमलाल चौधरी लगायतका आन्दोलनकारी नेता, कार्यकर्ताहरूलाई कैलाली जिल्ला अदालतले गरेको आजिवन कारावासको कैद सजायको फैसलाबाट राजपा नेपाललाई स्तब्ध र मर्माहत बनाएको छ' उल्लेख गरिएको छ ।
दुई तिहाई बहुमत हुँदाहुँदै पनि संविधान संशोधन नगरेको, मधेश र थरूहट आन्दोलनका बन्दीहरूको रिहाई नगरेको, उनीहरूमाथी लगाईएका झुट्टा मुद्दा फिर्ता नलिएको, घाईतेहरूको उपचार नगराएको, बेरोजगारी समस्याको समाधान, महंगी नियन्त्रण र भ्रष्टाचार नियन्त्रण नगरेको, असीना एवं बाढीपीडितलाई राहत नदिएको, निर्मला पन्तको लगायतको बलात्कारी र हत्यारालाई कार्रवाही नगरेको आरोप राजपा नेपालको छ । साथै, शान्तिसुरक्षा कायम गर्न नसकेको, सन्तुलित परराष्ट्र नीति अवलम्बन नगरेको, राज्यको हरेक अंगमा दलिय हितको पक्षपोषण मात्र गरेको, संघीयतालाई कमजोर गर्ने, प्रदेशलाई अधिकार नदिने, प्रशासन संयन्त्रलाई पार्टीमुखी बनाई राख्ने र समग्रमा सरकारको एक वर्षे कार्यकाल पूर्णतः असफल रहेको राजपाको ठहर छ ।

## राजपामा 'कस्तो नेतृत्व'मा विवाद कायमै



काठमाडौं । महाधिवेशनपछि एकल नेतृत्वमा जाने कि सामूहिक नेतृत्वमा जाने भन्ने विषयमा राजपा भित्र चुलिएको विवाद कायमै छ । राजपाका नेताहरूले भने महाधिवेशनपछि सामूहिक नेतृत्वमा जाने कि एकल नेतृत्वमा जाने भन्ने विषयमा महाधिवेशनले नै टुंग्याउने बताउँछन् । अध्यक्षमण्डलका सदस्यहरूले आफ्ना कार्यकर्तालाई छल्न पार्टीको विधानसमेत दुईथरी बनाएका छन् । पार्टीको आधिकारिक विधान निर्वाचन आयोगमा बुझाएका छन् भने कार्यकर्ताहरूलाई बाँड्न छापिएको विधानमा आधिकारिक विधानका केही बुँदा हटाइएका छन् । कार्यकर्ताहरूको बाँड्न छापिएको विधानमा कायकर्ताहरूको चाहनालाई सम्बोधन गरिएको छ भने निर्वाचन आयोगमा बुझाइएको आधिकारिक विधानमा अध्यक्षमण्डलका सदस्यहरूको चाहनालाई

*बाँकी पृष्ठ ७ मा*




**समय–सन्दर्भ** — सन्तोष मेहता



# कैलाली जिल्ला अदालतको फैसला संशयपूर्ण

## लाल आयोगको रिपोर्टलाई किन आधार बनाइएन ?

**रक्तपातपूर्ण राजनीतिक क्रान्तिको पृष्ठभूमिबाट आएका प्रचण्ड, केपी ओली, बाबुरामहरू न्यायको कठघरामा उभियाइन्न तर मधेशी-थारूहरू उपर ब्रजपात गरिन्छ ।**

मधेश आन्दोलनको क्रममा थरूहटमा थारूहरूको विद्रोह स्वरूप टीकापुर दुखद घटना उपर रेशम चौधरी सहित ११ जनालाई जन्मकैद तथा लक्ष्मण थारू सहित अन्यलाई कैद सजाय कैलाली जिल्ला अदालतले फैसला सुनाएको छ । यो फैसला दुर्भाग्यपूर्ण मात्र नभई त्रुटिपूर्ण पनि रहेको छ । संघीय संरचना अन्तर्गत थारूहरूको ऐतिहासिक बसोबास रहेको कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ लगायत तराइका जिल्लाहरूलाई समेटेर थरूहट र थारूवान राज्य हुनुपर्छ भनेर सबै पार्टीका थारूहरू एकजुट भएर आन्दोलन गरिरहेका थिए । यसरी नै थारूहरूलाई तराइको जिल्ला दिनु हुँदैन भनेर विभिन्न पार्टीमा रहेता पनि सबै पहाडेहरू एक भएर अखण्ड सुदुर पश्चिमको नारा उरालिरहेका थिए । तात्कालीन एमाले, माओवादी, कांग्रेस सबै पार्टीका पहाडेहरू थरूहटको विरूद्ध एकजुट भएको र सबै पार्टीमा रहेका थारूहरू पनि एक जुट भएकोले त्यस क्षेत्रमा कुनै पनि बेला भयानक झडप हुने स्थिति थियो नै ।

थारूहरू वर्षौको पहाडेहरूको दमन, अत्याचारबाट मुक्ति चाहन्थे । थारूको बाजेले पहाडेहरूबाट सय रूपियाँ ऋण लिएको छ भने उक्त थारूको छोरा र नाति पुस्तौसम्म त्यस पहाडेको घरमा सपरिवार कमैया बस्नु परेको पीडा, उक्त थारूको पुस्तौ पुस्ताले त्यस पहाडेको घरमा रगत पसिना बगाउनु परेको पीडा, यसरी नै थारूको छोरीहरू १० र १२ वर्षको भए पछि ती पहाडेहरूले उनीहरूको घरमा काम गर्न एक प्रकारले किनेर लान्थे । त्यसलाई कम्लरी भनिन्थ्यो । ति कम्लरी हुनुको पीडा थियो थारूहरूको विद्रोह । आफ्नो घरमा थारूहरूलाई कमैया र कम्लरी राखेर ति पहाडेहरू काठमाडौं आएर पढेर कांग्रेस, एमाले, राप्रपाको ठूलठूला नेताहरू भए । मुक्ति पाउने आशाले ठूलो संख्यामा थारूहरू माओवादी जनयुद्धमा सहभागि भए । माओवादीमा शहिद हुनेहरू मगर पहिलो र थारू दोस्रोमा पर्दछन् । माओवादी द्वन्द्वकालमा चेक पोस्टहरूमा सेनाले 'गाडीमा थारूहरू छौ भने सबै निस्क, सब थारू माओवादी हो' भनेर थारू समुदायलाई नै होच्याएर अपमान गर्थ्यो र अलिकति शंका लागेमा गोलीले उडाई दिन्थे ।

यी सबै सबै पीडाहरूबाट मुक्त हुनु र एउटा समृद्ध थारू समुदायको आकांक्षा बोकेर थारूहरू थरूहटको आन्दोलनमा होमिएका थिए । तर अरूबेला कुकुर बिरालो जस्तो हुने एमाले, कांग्रेस, माओवादी, राप्रपाको पहाडेहरू थारूहरूलाई अधिकार नदिनको लागि एकजुट भए । सबै डाडु पन्यु पहाडेहरूको हातमा भएको हुनाले थारूहरूको सघन बसोबास रहेका कैलाली र कञ्चनपुरलाई प्रदेश न ७ को पहाडसँग अखण्ड बनाए । यसको विरूद्धमा थारूहरूले पनि आन्दोलन चर्काए । यस्तैमा २०७२ साउन ३२ गते कैलालीको धनगढ़िमा थारूहरूले थरूहटको लागि बृहत आमसभा

*बाँकी पृष्ठ ७ मा*



## सम्पादकीय

# बहस संघीयताको

जनकपुरमा संघीयता कार्यान्वयन र संविधान संशोधनबारे हालै छलफल भएको छ। छलफलमा सहभागी विभिन्न दलका शीर्ष नेताहरूले आआफ्नै किसिमका तर्क गरे। उनीहरू संविधानमा त्रुटि रहेको विषयमा एक मत देखिएका थिए। कार्यक्रममा सहभागी राजपा नेपाल अध्यक्षमण्डलका सदस्य महन्थ ठाकुरले सत्तासीन नेकपा संघीयता कार्यान्वयनमा गम्भीर नभएको आरोप लगाउँदै संविधान जारी गर्नेहरूमध्ये केही तत्व नै त्यसको विरोधी रहेकाले संघीयता कार्यान्वय गर्न बेवास्ता गरेको आरोप लगाए। यस्तै नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले देशमा संघीयताको हिसाबले स्वामित्वको बाँडफाँड हुन नसकेको भन्दै अधिकार दिन कन्जुस्याइँ गरेको टिप्पणी गरे। संघीयता कार्यान्वयनका लागि प्रदेशमा स्वामित्व हस्तान्तरण भए नभएको विषयमा बहस हुनु आवश्यक रहेको उनको भनाइ थियो। यस्तै प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले संघीय सरकारले समानान्तर सरकार चलाउने गरी सदनमा प्रहरी विधेयक ल्याएको गुनासो गरे। प्रमुख जिल्ला अधिकारीलाई अधिकार सम्पन्न बनाएर संघीय सरकारले प्रदेश सरकारलाई पंगु बनाएर समानान्तर सरकार चलाउन खोजेको उनको आरोप थियो। संघीयताबारे व्यापक छलफल र बहससँगै कार्यान्वयनतर्फ लागेको भए सार्थकता पाउने थियो, तर यस्तो नभएको नेकपाका प्रदेश सांसद रामचन्द्र मण्डलले तर्क गरे।

**संघीय शासन प्रणाली भनेको केवल अधिकार र पदको बाँडफाँड मात्रै होइन, यो उत्तरदायित्व र जवाफदेहिताको बाँडफाँड पनि हो।**

संघीयतामा गएपछि नेतृत्ववर्गले क्षमता अभिवृद्धि गर्न जरूरी छ, सोचाइ र कार्यशैली परिवर्तन गर्न जरूरी छ, अनि मात्रै संघीयताले परिणाम दिनसक्छ। यसले के गर्‍यो भने एकातर्फ आकांक्षाको चाङ लगायो, अर्कोतर्फ संघीयताभित्र ल्याकत अभिवृद्धि गर्ने र सुशासन कायम गर्ने कुरालाई 'एजेण्ड' नै बनाइएन, कार्यशैलीमा कुनै परिवर्तन भएन।

संघीयता भनेको स्रोत, साधन, अधिकार र कर्तव्य सहितको प्रादेशिक विभाजन हो। यद्यपि यसका आफ्नै आधार र सिद्धान्त हुन्छन्। संघीयताभित्र प्रदेश वा केन्द्रमा बस्ने नेतृत्वले बुझ्नै पर्ने केही यथार्थ छन्। पहिलो, यो संघीयता हामीले चाहेर हामीले नै ल्याएको हो भन्ने मानसिकताको विकास गर्नु पर्‍यो। दोस्रो, विकास र समृद्धि संघीयताले होइन उचित योजना र स्रोत-साधनको पहिचान/परिचालन गर्ने ल्याकत र इच्छाशक्तिबाट मात्रै सम्भव छ भन्ने तथ्यलाई मनन् गर्नु पर्‍यो। तेस्रो, राज्यका सबै निकायमा संस्थागतरूपमा झाँगिएको भ्रष्टाचारजन्य विकृतिको अन्त्य गर्ने अठोट र इच्छा शक्तिकासाथ त्यसलाई व्यवहारमा उतार्न सक्नुपर्‍यो। चौथो, सुशासनलाई केवल भाषणको विषय मात्रै होइन, व्यवहारको कसीमा उतार्न सक्नुपर्‍यो। पाँचौं, विकास, समृद्धि, सुशासन भन्ने कुरा कानले सुन्ने मात्रै होइन, आँखाले देखेर अनुभव गर्ने कुरा हो भन्ने तथ्यलाई बुझिदिनु पर्‍यो। एक वर्षको कामको आधारमा संघीयताको भविष्यका बारेमा टिप्पणी गर्नु उचित होइन। संघीयताको सफल भविष्य र हिजो देखाइएको यसको हरियो रंगलाई अरू गाढा बनाउँदै लैजाने काम भनेको केन्द्रदेखि स्थानीय निकायसम्म हाँकिरहेका जनप्रतिनिधिहरूको हो। सार्वजनिक पदमा बस्नेहरूले संघीयतालाई केवल अर्थोपार्जन गर्ने माध्यमका रूपमा बुझ्ने हो भने यसले ठूलो विकृति ल्याउने छ र भोलिको संघीयताको रंग खैरोमा रूपान्तरण हुने खतरा छ। संघीय शासन प्रणाली भनेको केवल अधिकार र पदको बाँडफाँड मात्रै होइन, यो उत्तरदायित्व र जवाफदेहिताको बाँडफाँड पनि हो। केन्द्रलाई हाउगुजीका रूपमा प्रस्तुत गरेर प्रदेश र त्यसका सञ्चालक पानीमाथिको ओभानो हुनसक्दैनन्। केन्द्रले पनि सुनदेखि नूनसम्म आफैँले व्यवस्थापन गर्नेतिर लाग्नु हुन्न। कि त घरबार नै गर्नुभएन, घरबार गरिसकेपछि एकअर्काप्रति विश्वास गर्न सक्नुपर्दछ र त्यसप्रकारको संस्कारको विकास गर्न आवश्यक छ। हिजोका गलत प्रचार र बुझाइबाट पाठ सिक्दै अगाडि बढ्नु नै भोलिको सफल संघीयताको आधार सिर्जना गर्नु हो।

## साताको सात बात



नेपालमा बेलिने भाषाहरूमा मैथिलीको इतिहास समृद्ध रहेकाले मैथिली साहित्य तथा कला सस्कृतिको जगेर्नाका लागि राज्यले थप सहयो गर्नु पर्छ। विभिन्न भाषा र भेषभुसाको संरक्षण गर्नकालागि संघीयता देशको बास्तविकता र नेपालीको आवश्यकता हो। **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



कसैले लुकाएर राखेको हतियारको जिम्मेवारी पर्टीले नभई लुकाउनेले नै लिनुपर्छ। शान्ति, अमनचैन र स्थायित्वसँगै कम्युनिस्टको दुई तिहाई नेतृत्वमा सरकार भएको बेला राजनीतिमा हतियारको प्रयोग गर्नु अतिवादी सोच हो। यसप्रति सरकार गम्भीर छ, यो छिट्टै नियन्त्रण हुन्छ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



नेपाललाई अन्तर्राष्ट्रिय शान्ति केन्द्रको रूपमा विकास गर्नुपर्छ। पद, पैसा र प्रतिष्ठा आर्जन गर्ने होडले समाजमा हिंसा जन्माइरहेको छ। देश बनाउने जिम्मा प्रधानमन्त्री र मन्त्रीहरूको मात्र होइन, सबै नेपाली एकजुट भएर लाग्नुपर्छ। **माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री**



विकास, समृद्धि र सुशासन दिन नसकेमा देशमा फेरी आन्दोलनको ज्वाला उठ्न सक्छ, विप्लव समूहको क्रियाकलापलाई सरकारले गम्भिरता पूर्वक लिन जरूरी छ। विप्लव समुह सँगै तराई, मधेश असन्तुष्ट समुहले तृथप्ता वादी कुरा उठाइरहेको छ त्यसलाई हल गर्न सरकार बेलैमा सचेत हुनुपर्छ। **डा.बाबुराम भट्टराई, संयोजक नयाँ शक्ति पर्टी, नेपाल**



प्रदेश २ को विकासका लागि कृषिमा लगानी बढाउन आवस्यक छ, कृषि गन्य उद्योगलाई प्राथमिकतामा राखेर सरकार र उद्योगी व्यवसायी अगाडी बढ्नुपर्छ। यसका लागि आवस्यक पूर्वाधारहरूको निर्माण तथा कानूनी समास्या समाधान गर्न प्रदेश र स्थानीय सरकार तयार छ। **उपेन्द्र यादव, उपप्रधान स्वास्थ्य तथा जनसंख्यामन्त्री**



रेशम लाल चौधरीलाई जन्म कैदको साजाय तोक्ने जिल्ला अदालत कैलालीको फैसलाले विद्रोह निम्ताउने छ। अदालतले थारू जनजाती, मधेशी माथि अन्याय गरेको छ, अब रार्ष्ट्रिय विद्रोह हुन्छ। अजिवन जन्म कैदको लागि कुनै खास जातीको हुनुपर्ने ? **राजेन्द्र महतो, नेता, राष्ट्रिय जनता पार्टी नेपाल**



प्रदेश १ का जनताको भावना अनुरूप भूगोल, ऐतीहासिकता, सस्कृती र पहिचानको ख्याल गर्दै नाम र राजधानीको विषय टुंगो लाग्नेछ। प्रधानमन्त्री केपी शर्मा आली देखि राजनीति दलका नेताहरूसँग यस विषयमा निरन्तर अन्तर्क्रिया गरिरहेको छु। **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**

# अतिरञ्जित कांग्रेसको विवाद



**अतहर कमाल मुसलमान**

**विवादका लागि विवाद खडा गर्ने मान्छेहरू जहिले पनि खुल्ला हुन्छन्। यस्ता किसिमका विवाद खडा गर्नका लागि कुनै किसिमको नियम कानून अथवा अन्य कुराहरू आवश्यक हुँदैन।**

नेपाली कांग्रेसभित्रको विवाद कुनै ठूलो होइन। महाधिवेशन नजिकिँदै जाँदा विभिन्न पक्षले महाधिवेशन प्रतिनिधिहरूलाई आआफ्नो पक्षमा पार्नका लागि निर्वाचनमा हुन सक्ने फाइदालाई आंकलन गरेर विभिन्न किसिमका प्रयास गरिरहेका छन्। बाहिरबाट हेर्दा यो विवाद देखिएला तर वास्तविकता भनेको यो प्रजातान्त्रिक प्रक्रिया हो र यसलाई विवाद भन्न मिल्दैन। तर पार्टीको आधिकार बैठकमा छलफल हुँदा बाहिर आएको जस्तो विवाद देखिँदैन। तर, पछिल्लो चरणमा विवादजस्तो कुराहरू आएका छन्। महासमिति बैठकपश्चात् केन्द्रीय समितिको बैठकबाट विधान सर्वसम्मतले पारित भइसकेपछि केही विषयहरू विवादित हुन पुगेको हो। त्यसैले यस्ता कुराहरू महाधिवेशनलाई नै मध्यनजर गरेर आएका छन्।

विवादका लागि विवाद खडा गर्ने मान्छेहरू जहिले पनि खुल्ला हुन्छन्। यस्ता किसिमका विवाद खडा गर्नका लागि कुनै किसिमको नियम कानून अथवा अन्य कुराहरू आवश्यक हुँदैन। कांग्रेसको महासमिति बैठकमा विधानमै सर्वसम्मतिबाट गर्ने विषयहरू छन्। त्यही विषयलाई केन्द्रीय समितिले प्रस्तावको रूपमा लैजान सक्छ। अर्को कुरा महासमिति सदस्यहरूले एक तिहाइले हस्ताक्षर गरेर विधानमै आवश्यक संशोधन हुनुपर्छ भनेर प्रस्ताव दर्ता गरेर दुई तिहाइले प्रस्ताव पारित गर्ने भनिएको छ। यहाँनिर के भयो भने महासमिति बैठकभन्दा पहिला पटक-पटक केन्द्रीय समितिको बैठक बस्यो र सहमति हुन नसकेका विषयहरूले बैठक नै प्रभावित हुने अवस्था भएपछि एउटा विषयमा सहमतिमा पुग्यो। सहमति भएर अगाडि बढिसकेको विषयमा पनि कतिपय साथीहरूले हैन यो गलत भयो भनेर नोट अफ डिसेन्ट पनि लेख्नुभएको छ। अहिले आएर नोट आफ डिसेन्ट लेख्ने हो भने यसभन्दा अगाडि किन सर्वसम्मति भनेर लेख्नुभयो। यो प्रश्न उहाँहरूलाई गर्न सकिन्छ। तर त्यसरी पार्टी चल्दैन। त्यसले पार्टीभित्र द्वन्द्वको परिस्थिति सिर्जना हुनसक्छ। उहाँहरूले सभापतिले पेलेर लैजान खोज्यो भन्ने आरोप लगाउनुभएको छ, यो सरासर निराधार हो। हामीले हेर्ने भनेको दस्तावेज र त्यसको विधि प्रक्रिया हो। त्यसैले उहाँहरूले महाधिवेशनमा आफ्नो स्ट्रेन्थ कायम गर्नका लागि यस्ता कुराहरू गर्नुभएको हो।

कांग्रेसको केन्द्रीय समितिले विधानको विषयमा छलफल गर्‍यो, यसलाई कार्यसमितिमा राखिन्छ, निर्णय गर्ने बेलामा कुनै कुरामा सर्वसहमत पनि हुनसक्छ, कुनै विषय अल्पमत र बहुमत पनि हुनसक्छ। किनभने लोकतान्त्रिक विधि नै यही हो। अल्पमतले सत्ता सञ्चालन गर्न खोजेको भए लोकतान्त्रिक विधिको उपहास हुन्थ्यो। हाम्रो लोकतान्त्रिक परिपाटी नै के हो भने जोसँग बहुमत छ उसले शासन सत्ता सञ्चालन गर्ने हो। हामीले संसदीय व्यवस्था, लोकतान्त्रिक विधिलाई मानेका छौं। जुन विषयमा सर्वसम्मत हुन सक्दैन त्यसलाई अनन्तकालसम्म बन्धक बनाएर राख्न पनि त उचित हुँदैन। त्यसैले लोकतान्त्रिक विधिबाट पार्टी चलेको छ। त्यसैले लोकतान्त्रिक विधिअनुसार नै विधानको सर्वसम्मतबाट प्रस्ताव गएको हो। कांग्रेसको विधानमा संशोधन गर्नका लागि दुईटा बाटो मात्रै छ। एउटा केन्द्रीय कार्य समितिले निर्णय गरेर विधान संशोधन माथि लैजाने अथवा महासमिति र महाधिवेशनमा एक तिहाइ सदस्यले हस्ताक्षर गरेर त्यसमा दुई तिहाइ पुर्‍याएर संशोधन गर्न सक्छ। ती दुइटै विधिबाट नआएको विषयलाई कसैले मेरो स्वार्थ र चाहना छ भन्दैमा हुँदैन। किनभने नेपाली कांग्रेस त सबैको पार्टी हो। नेपाली कांग्रेसले समावेशीको मुद्दालाई समेट्यो त्यसकारण महासमिति बैठक समाप्त हुनासाथ चारैतिर प्रसंशाको विषय भयो। किनभने कांग्रेसले संविधानको भावनाअनुरूप आठवटा कलस्टर तय गर्‍यो। कांग्रेसले संघीयतालाई मानेर आफ्नो मोडालिटी तय गर्‍यो। संघीयता र समावेशितामा नेपाली कांग्रेस गइसकेपछि त्यसको आलोचना गर्नु उपयुक्त होइन। कतिपयले समावेशीअनुसार उही पुरानै अनुहार आउँछन् भन्ने गुनासा गर्छन्। तर, अनुहार त नयाँ र पुराना पनि हुन सक्छन्। ती कुरा त मतदाताले तय गर्ने कुरा हो।

**अर्लि महाधिवेशन हुने सम्भावना नै छैन। कांग्रेसको इतिहासमा अहिलेसम्म यस्तो अवस्था आएको छैन। निर्वाचन आयोगमा नेपाल कांग्रेसले यदि आफ्नो विधानअनुसार पाँचवर्षे कार्यकाल पूरा गरेर पनि महाधिवेशन गर्दैन भने पार्टी नै खारेज हुने अवस्थामा जानसक्छ।**

गत वर्षको निर्वाचनमा जसरी नेपाली कांग्रेस कमजोर भएको देखियो यसको विभिन्न पाटाहरू छन्। अहिले यथार्थ र सत्य हामीले मूल्यांकन गर्नुपर्छ। किनभने पहाडको निर्वाचनमा दुईवटा कम्युनिष्ट पार्टी एक ठाउँमा आयो, स्वाभाविकरूपले कांग्रेस कमजोर भयो। यस्तै, तराईका दलहरूसँग पनि निर्वाचनमा चुनावी सहकार्य हुन सकेन, जसले गर्दा कांग्रेसको सिट कम हुन गयो। कहीं न कहीं गुटउपगुटभन्दा पनि अन्तर्घातले पार्टीलाई ठूलो क्षति भयो। तर, निर्वाचनमा कांग्रेसले पराजय बेहोर्नुको मुख्य कारक विभिन्न दलबीच चुनावी मोर्चाबन्दी, पुरानै अनुहारहरूलाई उम्मेदवार बनाइनु र अन्तिम समयमा उम्मेदवार टुंगो लगाउनु नै रह्यो। कांग्रेसको पराजको कारण अन्तर्घात मात्रै होइन यसका विभिन्न पाटाहरू छन्। हामीले मतको संख्या हेर्ने हो भने २०७० को निर्वाचनभन्दा अहिले मत बढी देखिएको छ। प्रतिनिधित्वको विषयलाई हेर्ने हो भने समानुपातिकमा पनि राम्रै अवस्था आएको छ। तर, दुईटा पार्टी एक ठाउँमा मिल्दा एक दुई मतले हार/जीत हुँदा त्यो ठूलो कुरा होइन। तर, संख्याको आधारमा अहिले हामी निश्चितरूपमा कमजोर देखिएका छौं। त्यसैले गर्दा अहिले हामी जुन अवस्थामा आइपुगेका छौं त्यो अन्तर्द्वन्द्वले मात्रै होइन। हामी पनि मधेशका दल वा तत्कालीन माओवादीसँग गठबन्धन बनाएर जानसक्थ्यौं। गठबन्धन बनाएर जान सकेको भए कांग्रेसको अवस्था धेरै राम्रो हुन्थ्यो।

**सभापति हटाउन मिल्दैन**

विधि र विधानबाट आएको सभापतिलाई कसैले हटाउन सक्दैन। मेरो अनुहार, व्यवहार, कार्यशैली कसैलाई मन नपर्ला, तर त्यो अनुसार, व्यवहार र कार्यशैली विधि र विधानबाट आएको हो नि। यदि सभापति देउवालाई हटाउन कसैले चाहन्छ भने त्यसका लागि विधि र विधान चाहियो नि। त्यो विधि भनेको कांग्रेसको महाधिवेशन नै हो। त्यो विधिसम्म त कुर्नैपर्ने हुन्छ नि।

अर्लि महाधिवेशन हुने सम्भावना नै छैन। कांग्रेसको इतिहासमा अहिलेसम्म यस्तो अवस्था आएको छैन। निर्वाचन आयोगमा नेपाल कांग्रेसले यदि आफ्नो विधानअनुसार पाँचवर्षे कार्यकाल पूरा गरेर पनि महाधिवेशन गर्दैन भने पार्टी नै खारेज हुने अवस्थामा जानसक्छ। त्यसकारण यस्ता कुराहरू जनमत जुटाउनका लागि गरिने प्रपञ्चहरू मात्रै हो। यसले उहाँहरूलाई पनि फाइदा गर्दैन। किनभने जो अहिले अर्लि महाधिवेशनको पक्षमा हुनुहुन्छ, जसले देउवालाई हटाउनुपर्छ भनिरहनुभएको छ, उहाँहरूले हिजो पार्टी सञ्चालनमा पुग्नुभएको थियो। आफूले गर्न नसक्ने अनि आज अलि अधिवेशन चाहियो भनेर हुँदैन। अर्लि अधिवेशनको परिणाम पनि उनकै फेवरमा जान्छ भन्ने पनि छैन नि। केही समस्याहरू छन् भने टेबुल टक गरेर समाधान गर्नुपर्छ। त्यसलाई सभापतिले पनि सरल र सहज तरिकाले स्वीकार्नुपर्छ।

नेपाली कांग्रेस विभिन्न मुद्दाहरूमा आफ्नो प्रभावकारी भूमिका निर्वाह गरेकै छ। मुलुकमा देखिएका हरेक जल्दाबल्दा मुद्दाहरूमा कांग्रेस खरो रूपमा आफ्नो प्रस्तुती दिँदै आएको छ। सभामुख र उपसभामुख फरक-फरक दलहरूबाट हुनुपर्छ अन्यथा सदन चल्नै दिन्नौं भन्ने परिस्थिति हामी सिर्जना गर्न सक्थ्यौं। मुलुक अहिले शान्ति प्रक्रियामा गइसकेपछि फेरि द्वन्द्व चर्काउनेतर्फ कांग्रेस लाग्दैन। विभिन्न भ्रष्टाचारका मुद्दाहरूमा कांग्रेसले खरो रूपमा आवाज उठाएको छ। कर्मचारीहरूको समस्याका विषयमा पनि कांग्रेसले आवाज उठाएकै छ। त्यसकारणले नेपाली कांग्रेस चुप लागेर बसेको अवस्था छैन।

*(नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य मुसलमानसँग गरिएको कुराकानीको आधारमा)*

# 'जनताको कचहरी' मा प्रदेश २ का कानूनमन्त्री

**राम नारायण पंडित**

सिरहा। प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले उत्पीडनमा परेका समुदायले न्यायको अनुभुति गर्ने गरी कानुनहरू बनाइरहेको बताएका छन्।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा सिरहाको मिर्चैया नगरपालिका ७ फूलवरियास्थित दलित बस्तीमा शनिबार आयोजित प्रदेश सरकारको 'आपके सरकार, आपके द्वार' कार्यक्रम अर्न्तगत 'जनताको कचहरी कार्यक्रम' लाई सम्बोधन गर्दै मन्त्री यादवले प्रदेश सरकारले बनाउन लागेको कानुनहरू उत्पीडित समुदायमैत्री हुने दाबी गरे।



जनतालाई न्याय दिलाउनका लागि जस्तोसूकै शक्तिसँग प्रदेश सरकार लड्न तयार रहेको उल्लेख गर्दै उनले पहिले जस्तो अन्याय र अत्याचार सहेर बस्नुपर्ने अवस्था अहिले नरहेको दाबी गरे। भूमि व्यवस्था सम्बन्धी विधेयक प्रदेश सरकारले चाँडै नै ल्याउन लागेको जानकारी दिदै उहनले बिधेयक पारित भएपछि भुमाफियाहरू पाखा लाग्ने जिकिर गरका छन्।

तराई मधेशमा ठूलो समस्याको रूपमा देखिएका दहेजप्रथा, लागुपदार्थ, महिलाहिंसा, जग्गा सम्बन्धी लगायतका समस्याहरूलाई समाधान गर्नका लागि प्रदेश सरकारले विधेयक ल्याउन लागेको उनले स्पष्ट गरे।

प्रदेश २ का महान्यायधिवक्ता दिपेन्द्र झाले प्रदेश सरकारले जनताको हितमा संवेनशील भएर कानुन निर्माणका कार्यहरू तीव्र रूपमा अघि बढाएको बताएका छन्। कुनैपनि जग्गामा उपभोग गरेको ३० वर्ष पुगेको खण्डमा उपभोगकर्ताकै नाममा जग्गा नामसारी हुने कानुनी व्यवस्था नै रहेको खुलासा गर्दै महान्यायधिवक्ता झाले अब कसैसँग अन्याय हुन नदिने प्रतिवद्धता व्यक्त गरेका छन्।

कार्यक्रममा प्रदेश २ का प्रदेशसभा सदस्य सुनिता राम, प्रमुख जिल्ला अधिकारी रूद्र प्रसाद पण्डित, वडा अध्यक्ष रामकुमार यादव लगायतले मन्तव्य राखेका थिए।

# अदालतको फैसला अन्यायपूर्ण छ, पुनरावेदनमा जान्छौं

**जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेकोले हामी पुनरावेदन अदालतमा जान्छौं। सबभन्दा पहिला त जाँचबुझ आयोगको प्रतिवेदन जनताको बीचमा आउनु पर्‍यो। जनतालाई टीकापुर घटनाको वास्तविक तथ्य जान्ने अधिकार छ। न्याय सम्पादन गर्ने निकायले पनि सत्यतथ्य थाहा नपाइकन उसले गर्ने फैसला कसरी निष्पक्ष र न्यायसंगत हुनसक्छ। त्यो प्रतिवेदन प्रकाशित नगर्नुको अर्थ के हो ? न्याय सम्पादनमा अवरोध गर्नु र पीडितहरूप्रति अन्याय गर्नु नै रहेको महसुस भएको छ।**



## वृषेशचन्द्र लाल
वरिष्ठ उपाध्यक्ष तथा राष्ट्रियसभा सदस्य
राष्ट्रिय जनता पार्टी नेपाल

**० जिल्ला अदालत कैलालीले राजवाका सांसद रेशमलाल चौधरीलाई जन्म कैदको फैसला सुनाएको छ, यसलाई राजपा नेपालले कसरी लिएको छ ?**

– जिल्ला अदालत कैलालीको फैसला त्रुटिपूर्ण हो। किनभने अदालतले प्रमाण नै नभएको अवस्थामा रेशमलाल चौधरीलाई जन्मकैदको फैसला तोकेको छ। जुन घटनाको मुख्य अभियुक्त भनिएको छ, त्यसमा कुनै किसिमले रेशम चौधरीको संलग्नता छैन। त्यसकारणले बिना कुनै प्रमाण, मनगढन्त तरिकाले जिल्ला अदालतबाट यस्तो त्रुटिपूर्ण फैसला आएको छ। स्वयम् अभियोग लगाउने प्रहरीले पनि रेशम चौधरीकै निर्देशनमा यस्तो घटना भएको प्रमाणित गर्न सकेको छैन। राजनीतिक हिसावले हेर्दा यो सरकारको प्रभावमा आएको फैसला हो। पीडितलाई न्याय दिने यो फैसला होइन।

**० रेशमलाल चौधरीलाई सांसदको शपथ ग्रहणपछि न्यायालयको फैसलालाई सम्मान गर्छौं भनेर स्वयं राजपा नेताहरूले भनेका थिए, तर अहिले आफ्नो पक्षमा फैसला नआउँदा अदालतमाथि यसरी आरोप लगाउन कति जायज हो ?**

– हामीले अदालतको फैसलामाथि टिप्पणी गरेका हौं, यसलाई आरोप भन्नै मिल्दैन। हामी अदालतको आदेश पालना गर्छौं, त्यसैले त अहिलेसम्म रेशम जेलमै बसिरहेका छन् र अदालतका विरूद्धमा कुनै विद्रोह गरेका छैनौं। हामी त्यसको पुनरावेदन गर्छौं। टिप्पणी गर्ने हाम्रो अधिकार हो। हामी लोकतन्त्र र विधिको शासनमा विश्वास गर्छौं। अदालतले पनि कानुनबमोजिम फैसला गरेन भने त्यसमाथि टिप्पणी गर्ने अधिकार सबैसँग छ। अदालतको फैसलामाथि टिप्पणी नै दिँदै आएका थिए। तर, त्यस्ता कुनै पनि निर्णय राजपा नेपालले कहिल्यै पनि गरेको थिएन। राजपा नेपालका सबै सांसदहरू प्रतिनिधिसभा र राष्ट्रियसभाको विपक्षी बेन्चमा बस्दै आएका छन्। हामी सरकारका कुनै काममा सहभागी भएनौं। यसर्थ यो सरकारलाई राजपाको समर्थन कसरी भयो त ? तर, पनि अध्यक्षमण्डलले समर्थन लिने फिर्ता गरेको छ भने गोप्यरूपमा कहीं समर्थन गरेको थियो भन्ने कुरा हामीलाई थाहा भएन।

**० तपाइँहरूले न्यायालयको फैसलालाई लिएर जसरी सरकारसँग आफ्नो गुनासो गर्दै हुनुहुन्छ तर न्यायालय र सरकार दुवै छुट्टाछुट्टै पक्ष हो नि ?**

– न्यायालय र सरकार दुवै अलग-अलग हुनुपर्ने हो तर त्यस्तो देखिएन। लोकतन्त्र कमजोर भइरहेको छ। किनभने राज्यले मधेश/थरूहट आन्दोलनको क्रममा

> ☞ नेपाल सरकारको राजपत्रमा प्रकाशित भएको जाँचबुझ आयोगको प्रतिवेदनको सन्दर्भमा अदालतले कुनै चासो राखेन। अदालतले त्यस मुद्दाको सुनुवाइ गर्दा आयोगको प्रतिवेदनबारे बुझ्न सक्थ्यो। त्यसैले यो त्रुटिपूर्ण र अन्यायपूर्ण फैसला हो।
>
> ☞ हामी अदालतको आदेश पालना गर्छौं, त्यसैले त अहिलेसम्म रेशम जेलमै बसिरहेका छन् र अदालतका विरूद्धमा कुनै विद्रोह गरेका छैनौं। हामी त्यसको पुनरावेदन गर्छौं।
>
> ☞ न्यायालय र सरकार दुवै अलग-अलग हुनुपर्ने हो तर त्यस्तो देखिएन। लोकतन्त्र कमजोर भइरहेको छ।
>
> ☞ यथाशीघ्र राजपा अध्यक्षमण्डलले पार्टीका प्रमुख नेताहरूसँग सल्लाह गर्नुपर्छ। त्यसपछि रणनीति तय गरेर आन्दोलनका कार्यक्रम अगाडि बढाउनुपर्छ।
>
> ☞ कुनै पनि हालतमा महाधिवेशन टार्नु हुँदैन भन्ने हाम्रो मान्यता हो। महाधिवेशन भनेको कार्यकर्ताहरूले गर्ने हो। हाम्रो महाधिवेशनका कार्यक्रमहरू जारी छ।

मधेश आन्दोलनको क्रममा भएका घटनाहरूको निष्पक्ष छानबिन गर्नका लागि नेपाल सरकारद्वारा नै उच्चस्तरीय जाँचबुझ आयोगको गठन भएको थियो। त्यो आयोगले छानबिन गरेर आफ्नो प्रतिवेदन पनि दिइसकेको अवस्था छ। तर, त्यो प्रतिवेदन प्रधानमन्त्रीको दराजमा थन्किएको छ। त्यो प्रतिवेदन प्रकाशित भइसकेपछि त्यसलाई विचार गरेर अदालतले फैसला गरेको भए त्यसको समीक्षा हुनसक्थ्यो। नेपाल सरकारको राजपत्रमा प्रकाशित भएको जाँचबुझ आयोगको प्रतिवेदनको सन्दर्भमा अदालतले कुनै चासो राखेन। अदालतले त्यस मुद्दाको सुनुवाइ गर्दा आयोगको प्रतिवेदनबारे बुझ्न सक्थ्यो। त्यसैले यो त्रुटिपूर्ण र अन्यायपूर्ण फैसला हो। यसको विरूद्धमा हामी पुनरावेदनमा जान्छौं।

**० तपाइँहरूले यसरी आरोपहरू लगाइरहँदा अदालतको मानहानी हुँदैन ?**

– अदालतको आदेशलाई पालना नगरेको अवस्थामा मात्रै मानहानी हुन्छ। अदालतले गरेको फैसलामाथि टिप्पणी गर्न मिल्छ। अदालतले गरेको त्रुटिबारे आफ्नो कुरा राख्न पाइन्छ। तर, यो फैसला यति त्रुटिपूर्ण छ कि यसले न्यायकै मानहानी गरेको छ। भएन भने लोकतन्त्र नै रहँदैन।

**० अहिले सरकारबाट समर्थन फिर्ता लिनु रेशम चौधरीकै कारणले हो ?**

– अध्यक्षमण्डलले समर्थन फिर्ता लिने कुरा गरेको छ तर हामीले यो सरकारलाई न समर्थन गरेका छौं र हाम्रो समर्थन छ। सरकारलाई समर्थन गर्नुको अर्थ सरकारमा सामेल हुनु, कुनै न्यूनतम् कार्यक्रम हुनुपर्ने हो। राजपाले सरकारलाई समर्थन गरे पनि सरकारसँगै सहकार्य गर्छौं भनेको छैन। तर, हाम्रा केही नेताहरूले समर्थन फिर्ता लिन्छौं भन्ने खालका कुराहरू यसअघि पनि गर्दै आउनुभएको थियो। उहाँहरूको सोच के हो त्यसबारे म टिप्पणी गर्न चाहन्न। हामीले कहिल्यै पनि समर्थन गरेका थिएनौं। त्यो पनि एउटा भ्रम थियो, त्यो पनि हट्यो।

**० यदि राजपाले समर्थन गरेको थिएन भने अध्यक्षमण्डलले फिर्ता लिएको निर्णय कसरी आयो त ?**

– पहिला हाम्रा नेताहरूमा पनि भ्रम थियो कि राजपाले सरकारलाई समर्थन गरेको छ। तर त्यो भ्रम अहिले हट्यो। प्रधानमन्त्री निर्वाचनमा गरेको मतदानलाई भजाउन खोजिएर केही नेताहरूले समर्थन फिर्ता लिन्छौं भन्ने खालका अभिव्यक्तिहरू भएका घटनाहरूको निष्पक्ष छानबिन गरी सत्यतथ्य पत्ता लगाउन उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो। त्यो आयोगले प्रतिवेदन पनि दिएको थियो तर त्यो प्रतिवेदनमा भएका कुरा यो सरकारले जनतालाई जानकारी गराएन। यसले प्रष्टरूपमा देखाएको छ कि जुन कुराको प्रचार प्रसार गरिएको छ र जुन आरोपहरू सांसद रेशमलाल चौधरीलगायत आन्दोलनकारीहरूमाथि लगाइएको छ त्यसलाई सत्यतथ्यको कसौटीमा हेर्दा कुनै आधार छैन। त्यो प्रतिवेदनलाई राज्यले लुकाइरहेको छ। त्यसकारणले राज्यको प्रभाव अदालतमाथि परेको छ। सत्यतथ्य आइसकेपछि पनि त्यसलाई लुकाइराख्नु जनतामा भ्रम छर्नु हो। जनता-जनताबीच विभाजन गराएर उग्रराष्ट्रवादलाई बढाउने जुन काम भइरहेको छ त्यसप्रति हाम्रो आक्रोश छ। अदालतले न्याय गर्दा त्यस सम्बन्धि आवश्यक प्रमाणहरूबारे चासो राख्नुपर्ने थियो। अनि मात्रै अदालतको फैसला निष्पक्ष हुनसक्छ। न्यायको पहिलो सिद्धान्त के हो भने कुनै पनि निर्दोष व्यक्ति कुनै पनि हालतमा सजाय पाउनु हुँदैन। न्यायालय सबभन्दा बढी संवेदनशील हुनुपर्छ। त्यो देखिएन। त्यसकारणले अदालत स्वतन्त्ररूपमा निष्पक्ष न्याय सम्पादन गरोस्। सरकार वा राज्यको प्रभावमा न्यायालय पर्नु हुँदैन। तर, त्यो देखिएन। त्यसकारणले हामी न्यायालयमाथि आक्रोश पोखेका हौं। हामी न्यायालयको स्वतन्त्रता र निष्पक्षता चाहन्छौं।

**० समर्थन फिर्ताको घोषणापछि राजपाको आगामी रणनीति के छ ?**

– आगामी रणनीतिका बारेमा अध्यक्षमण्डलका नेताहरूले चाँडै निर्णय गर्नुहुन्छ। अध्यक्षमण्डलले निरन्तर सबै पक्षसँग सम्वादमा छ। अध्यक्षमण्डलका नेताहरूले राजपाका अन्य नेताहरूसँग पनि छलफल गरेर गम्भीरतापूर्वक विचार-विमर्श गरेर निःस्वार्थ भावबाट आगामी रणनीति तय गर्नुपर्छ। मुद्दाप्रति प्रतिबद्ध रहेर आगामी रणनीति गर्नेछ भन्नेमा हामी विश्वस्त छौं। अध्यक्षमण्डलले राजनीतिक समितिलगायत प्रमुख नेताहरूको बैठक बोलाएर छलफल गरेर रणनीति बनाउनुपर्छ।

**० भनेपछि आन्दोलनमा जानुहुन्छ ?**

– हामी त आन्दोलनमा छँदैछौं। हामीले निर्वाचनलाई पनि आन्दोलनकै निरन्तरताको रूपमा प्रयोग गरेका थियौं। प्रतिनिधिसभा र राष्ट्रियसभामा पनि हाम्रा सांसदहरू आन्दोलनकै मुद्दाको वकालत गरिरहेका छन्। हामीले जहिले पनि संविधान संशोधनमार्फत् सबैको अपनत्व हुने बनाउनुपर्छ भन्दै आएको छ। यो देशमा सुशासन राम्रोसँग लागू होस्, संघीय संरचनाको वास्तविक कार्यान्वयन होस्, समावेशिताको स्थापना होस् भन्ने चाहेका छौं। प्रदेश २ मा राजपा र फोरम नेपालको सरकार छ, त्यो सरकारले पनि यसै मुद्दालाई केन्द्र बनाएर अगाडि बढिरहेको छ। त्यसकारण हामी आन्दोलनमा छँदैछौं, आन्दोलनमा जाने भन्ने कुरा होइन। आन्दोलन हाम्रो बाध्यता हो। हामी उठाउँदै आएको मुद्दाहरू जनताको हो। हामीले नै आन्दोलनको नेतृत्व गर्नुपर्छ भन्ने छैन। तर, यसका निम्ति रणनीति बनाउँदा सबै पक्षहरूलाई गम्भीरतापूर्वक विचार गरेर अगाडि बढ्नुपर्छ।

**० रेशम चौधरीको फैसलापछि राजपा अध्यक्षमण्डलको आकस्मिक बैठकले सरकारप्रति विभिन्न आरोपहरू लगायो र पूर्णरूपमा असफल रहेको निष्कर्ष पनि निकाल्यो। भनेपछि अब राजपा जनतामाझ जान्छ कि सरकारको कार्यको टिप्पणी मात्रै गरेर बस्छ ?**

– यो सरकार असफल छ भनेर त जगजाहेर भइसकेको छ। कुनै पनि क्षेत्रमा यो सरकारले एक वर्षमा काम अगाडि बढाउन सकेको छैन। भ्रष्टाचार पनि दिनानुदिन मौलाउँदै गएको छ। सरकारले जनता-जनताबीचमा विभाजन ल्याउन खोजिरहेको छ र उग्रराष्ट्रवादकै नारालाई फस्टाउने प्रयास गरिरहेको पनि स्पष्ट छ। त्यसकारणले यो सरकार पूर्णरूपमा असफल नै हो। अब हामीले यो सरकारको कार्यलाई टुलुटुलु हेरेर बस्दैनौं। हामी यसको विरूद्ध आवाज उठाइरहेका छौं। आगामी दिनमा समय परिस्थितिअनुसार आफ्ना रणनीति तय गर्छौं।

**० अहिले जसरी राजनीतिक घटनाक्रम परिवर्तित हुँदै गएको छ, यसले गर्दा राजपाको महाधिवेशन प्रभावित हुन्छ कि हुँदैन ?**

– कुनै पनि हालतमा महाधिवेशन टार्नु हुँदैन भन्ने हाम्रो मान्यता हो। महाधिवेशन भनेको कार्यकर्ताहरूले गर्ने हो। हाम्रो महाधिवेशनका कार्यक्रमहरू जारी छ। तर, महाधिवेशनका लागि आउने कठिनाइहरू के-के हुन् ती कुराहरूलाई केलाएर त्यसलाई सम्बोधन गर्नुपर्छ। महाधिवेशनलाई पर सार्नु भनेको उत्पन्न परिस्थितिमा रोटी सेक्नु मात्रै हुन्छ। किनभने राजपा नेपालमा महाधिवेशन जरूरी छ। राजपा नेपाललाई एकल नेतृत्वमा लगेर नीति कार्यक्रम अगाडि बढाउनु पर्ने आवश्यक्ता छ। राजपाले आन्दोलन र महाधिवेशन दुवै सँगसँगै अगाडि बढाउनुपर्छ। महाधिवेशनलाई पनि आन्दोलनकै रूपमा हामीले अगाडि बढाउनुपर्छ। राजपाको नेतृत्व आन्दोलनकारीहरूको हातमा आउनुपर्छ। परिस्थितिबाट लाभ उठाउनेहरू लक्ष्य प्राप्तिका कारक तत्व हुन सक्दैनन्। त्यसैले, राजपाको नेतृत्व आन्दोलनकारीहरूकै हातमा जानुपर्छ। यदि निर्धारित समयमा महाधिवेशन हुन सकेन भने त्यसको जिम्मेवारी अध्यक्षमण्डलले लिनुपर्छ।

**० महाधिवेशनका लागि अब लगभग डेढ महिनामात्रै समय बाँकी छ तर, तयारी पुगेको छैन। कसरी समयमै महाधिवेशन सम्पन्न होला त ?**

– महाधिवेशनको तयारी भइरहेको छ, त्यसमा दुई/चार महिना अगाडि पछाडि हुनसक्छ। तर, अधिवेशन विधानसम्मत तरिकाले हुनुपर्छ, कार्यकर्ताहरूको बीचमा हुनुपर्छ। कागजी अधिवेशन हुनुहुन्न।

**० पर्याप्त तयारी देखिँदैन, निर्धारित मितिमा महाधिवेशन सम्भव देख्नुहुन्छ ?**

– वास्तवमा पर्याप्त तयारी भइरहेको देखिएको छैन। तर, महाधिवेशन तयारीको प्रयास गरिँदैछ।

**० सांसद रेशमलाल चौधरीलाई न्याय दिलाउन राजपा के गर्छ ?**

– जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेकोले हामी पुनरावेदन अदालतमा जान्छौं। सबभन्दा पहिला त जाँचबुझ आयोगको प्रतिवेदन जनताको बीचमा आउनु पर्‍यो। जनतालाई टीकापुर घटनाको वास्तविक तथ्य जान्ने अधिकार छ। न्याय सम्पादन गर्ने निकायले पनि सत्यतथ्य थाहा नपाइकन उसले गर्ने फैसला कसरी निष्पक्ष र न्यायसंगत हुनसक्छ। त्यो प्रतिवेदन प्रकाशित नगर्नुको अर्थ के हो ? न्याय सम्पादनमा अवरोध गर्नु र पीडितहरूप्रति अन्याय गर्नु नै रहेको महसुस भएको छ। त्यसकारणले त्यो प्रतिवेदन प्रकाशित हुनुपर्छ। त्यसका लागि हामी आफ्नो ध्यान केन्द्रित गर्छौं। त्यसपछि आन्दोलनका अन्य कार्यक्रमहरू के हुनसक्छ त्यसबारे अहिले नै भन्न सकिँदैन। यथाशीघ्र राजपा अध्यक्षमण्डलले पार्टीका प्रमुख नेताहरूसँग सल्लाह गर्नुपर्छ। त्यसपछि रणनीति तय गरेर आन्दोलनका कार्यक्रम अगाडि बढाउनुपर्छ।

**० अदालतले सजाय फैसला सुनाइ सकेपछि सांसद रेशम चौधरीको पद जानसक्छ भन्ने कुराहरू पनि छ नि ?**

– कसै-कसैले यस्ता हल्लाहरू फैलाइरहेका छन्। यो एकदमै आपत्तिजनक कुरा हो। किनभने प्रतिनिधिसभाको नियमावलीको २४४ पढ्नुपर्छ। त्यसमा स्पष्टरूपमा उल्लेख छ कि अदालतको अन्तिम फैसला आए पछि जति दिन कैद भएको हो त्यो कैद भोगिरहेको अवस्थामा मात्रै निलम्बनमा पर्छन्। त्यसैले अहिलेसम्म अदालतको अन्तिम फैसला आइसकेको छैन। अदालतको फैसला आइसकेपछि पनि विभिन्न कानूनी प्रक्रियामार्फत् यदि सजायलाई मिनाहा गरियो भने पुनः पद बहाली हुनसक्छ। त्यसैले अहिले जुन हिसावले प्रचार प्रसार गरिएको छ त्यो एकदमै आपत्तिजनक कुरा हो।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# यसरी भएको थियो मलेठ घटना

**सरोजराज अधिकारी, खोज पत्रकारिता केन्द्र**

२३ फागुन २०७३ : मुलुकको दोस्रो ठूलो दल नेकपा एमालेले 'मेची-काली अभियान' अन्तर्गत सप्तरीको बसबिट्टीस्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रभित्र सभा गरिरहेको थियो। एमालेलाई मधेश छिर्नै नदिने घोषित नीति लिएको मधेशी मोर्चाले त्यसभन्दा करीब ३०० मिटर दक्षिणको मलेठ चोकमा विरोध प्रदर्शन गरिरहेको थियो। दिउँसोको करीब ४.४५ बजेतिर एमाले अध्यक्ष केपी शर्मा ओलीको भाषण सकिनै लाग्दा प्रदर्शनकारी र सुरक्षा निकायबीच झडप भयो।

झडपमा सुरक्षा निकायले चलाएको गोलीबाट सन्जन मेहताको घटनास्थलमै मृत्यु भयो। गोली लागेर सख्त घाइते पीताम्बरलाल मण्डल र आनन्द साहको पनि सोही दिन उपचारका क्रममा मृत्यु भयो। गम्भीर घाइतेमध्ये वीरेन्द्र महतो र इनरदेव यादवको भने धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारकै क्रममा क्रमशः २५ र २७ फागुनमा मृत्यु भयो। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालका अनुसार, आन्दोलनकारीतर्फका ३५ घाइतेमध्ये पाँच जनाको निधन भएको छ भने चार जना उपचाररत - शनिबारसम्म) छन्। त्यसैगरी सुरक्षा निकायतर्फ नेपाल प्रहरीका १४ र सशस्त्र प्रहरीका १७ गरी ३१ घाइते उपचारपछि काममा फर्किसकेका छन्।

घटनापछि तत्कालीन प्रमुख जिल्ला अधिकारी उद्धव तिमिल्सिना, जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक ( एसपी) दिवेश लोहनी, डीएसपी दानबहादुर कार्की र सशस्त्र प्रहरीका एसपी जयबहादुर खड्कालाई गृह मन्त्रालयले फिर्ता बोलाएको छ। उनीहरूको स्थानमा प्रजिअ कृष्ण कटवाल, प्रहरीतर्फ एसपी अनुराग द्विवेदी र सशस्त्रतर्फ रामाधर यादवले यतिखेर सप्तरीको सुरक्षा मोर्चा सम्हालिरहेका छन्। यसैबीच घटनाको भोलिपल्ट नै क्षेत्रीय प्रहरी कार्यालय विराटनगरले छानबीनका लागि अञ्चल प्रहरी कार्यालय कोशीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक उत्तम कार्कीको संयोजकत्वमा छानबीन टोली गठन गरेको छ। टोलीमा पूर्वक्षेत्रीय प्रहरी गणका प्रहरी उपरीक्षक भीमप्रसाद ढकाल र क्षेत्रीय प्रहरी कार्यालयका प्रहरी उपरीक्षक विद्यानन्द माझी सदस्य छन्।

**कसरी भयो घटना ?**

पूर्वघोषित कार्यक्रम अनुसार एमालेका सबै नेताले आ-आफ्नो मन्तव्य राखिसकेका थिए। करीब पौने पाँच बजेको थियो। एमाले सचिव योगेश भट्टराईले भाषण गरिरहेका अध्यक्ष ओलीको नजिकै गएर केही अनिष्टको संकेत गरे। ओलीले पनि परिस्थिति बुझेर आफ्नो मन्तव्य छोट्याए। त्यसको केही मिनेटअघि मात्रै सुरक्षा निकायबाट गोली चलिसकेको सूचना भट्टराईसम्म पुगिसकेको थियो। गुप्तचर स्रोतका अनुसार एमालेको कार्यक्रम शुरू हुनुअघि मलेठमा करीब ३०० को संख्यामा मात्रै मोर्चासम्बद्ध प्रदर्शनकारी थिए। ओलीको मन्तव्य नजिकिँदै जाँदा ५०० को संख्यामा पुगेका प्रदर्शनकारी गोली चलेसँगै तीनै दिशामा जम्मा हुँदा १५ सयको हाराहारीमा पुगेका थिए। करीब एक हजार दक्षिणतिरको मलेठ चोकमा केन्द्रित थिए भने औद्योगिक क्षेत्र भवनको पूर्वतिरको फराकिलो गहुँबारीमा २०-२५ समूहमा छरिएर करीब ४०० र पश्चिमतर्फ करीब १०० जति थिए। गुप्तचर स्रोतका अनुसार एमाले सभामा सुनसरी र बाटोबाट समेत गरी करिव तीन हजार र सदरमुकाम राजविराज तथा आसपासका क्षेत्रबाट ५-७ सय सहभागी थिए। सभामा सहभागी हुन आएका कतिपय महिला, वृद्धवृद्धालाई मोर्चा कार्यकर्ताले कुटपिट गरी बाटोबाटै फर्काइदिएको एमालेको भ्रातृसंगठन युवा संघ केन्द्रीय सचिवालय सदस्य निरन्जन झाले बताए। उनले भने 'त्यसपछि हामी युवाहरूको समूह मोर्चाको निषेध तोड्न झण्डा, झण्डाभित्र डण्डा बोकेर गयौं।'

घटनापछि काठमाडौं झिकाइएका एसपी दिवेश लोहनीका अनुसार एमाले सभास्थल र घटनास्थलमा मात्र नेपाल प्रहरीका लगभग ७५० र सशस्त्रका ४५० गरी करीब १२ सय सुरक्षाकर्मी परिचालित थिए। सभा र प्रदर्शनलाई मध्यनजर गरेर सीमावर्ती जिल्लाबाट ७०० प्रहरी र ५०० सशस्त्र प्रहरी झिकाइएको थियो। सुरक्षा निकायलाई आत्मरक्षा गर्नुपर्ने अवस्थामा मात्र गोली चलाउनु भन्ने 'माथि' को आदेश थियो। मलेठ चोकमा मात्र ४५० प्रहरी र २५० को हाराहारीमा सशस्त्र प्रहरी थिए। तर प्रदर्शनकारीले त्यो सुरक्षा घेरासमेत तोडेर सभास्थल औद्योगिक क्षेत्रको पर्खाल नाघ्ने प्रयास गरेपछि 'अप्रत्यासित' अवस्था सिर्जना भएको लोहनीको भनाइ छ।

घटनास्थलमा खटिएका केहि जुनियर प्रहरी अधिकृतहरूले अहिलेसम्म प्रकाशमा नआएको एउटा विवरण सुनाए। झडप चर्किँदै जाँदा प्रदर्शनकारीले सशस्त्रका एसपी जयबहादुर खड्काको पेस्तोल खोसे। सशस्त्र फौज तुरून्तै आफ्ना एसपीको पेस्तोल फिर्ता लिन सफल पनि भयो। तर त्यसबीचमै खड्का र प्रजिअबीचको संवादपछि सशस्त्र प्रहरीले 'फायर' खोल्यो। घटनामा नेपाल प्रहरीका एक जुनियर अधिकृतको वाकीटकी सेट पनि खोसिएको थियो, जुन ४ चैतसम्म फेला परेको छैन।

'पोस्टमोर्टम रिपोर्ट र छानबीन समितिले पनि पत्ता लगाउला तर मृतकमध्ये कोही पनि नेपाल प्रहरीको गोलीबाट मरेका छैनन्', ती अधिकृतले भने। स्रोतका अनुसार प्रहरीले ९० थान रबर बुलेट लगेको थियो, त्यसमध्ये ९ वटा मात्र प्रहार भएको छ। अश्रुग्याँस भने व्यापक मात्रामा प्रयोग भएको थियो, घटनास्थलमा। कार्यक्रममा सहभागी सुनसरी-२ का एमाले सांसद् रेवतीरमण भण्डारी भन्छन्, "हामी निस्कँदा अश्रुग्याँसका कारण दक्षिणतिरको आकाश कुहिरीमण्डल जस्तै भएको थियो।"

फिर्ता बोलाइएका तत्कालीन प्रमुख जिल्ला अधिकारी उद्धव तिमिल्सिनाले स्थिति नियन्त्रणबाहिर जान थालेपछि गोली चलाउनु परेको बताए। तर, कुन सुरक्षा निकायले 'फायर' खोलेको भन्ने सम्बन्धमा चाहिं उनले प्रतिक्रिया दिन चाहेनन्। प्रजिअ बलदेव गौतमको सरूवा भएपछि तिमिल्सिना १९ फागुनमा मात्र जिप्रका सप्तरीमा हाजिर भएका थिए।

हिमाल खबरपत्रिकाका लागि सप्तरीबाट समाचार लेख्ने श्रवण देवका अनुसार मोर्चाको आन्दोलनको नेतृत्व गरिरहेका धेरै स्थानीय नेता झडप उत्कर्षमा पुग्नुअघि नै गिरफ्तार भइसकेका थिए। उनले भने, "प्रदर्शनकारीभन्दा प्रहरी बढी थिए। गोली नै चलाउनुपर्ने स्थिति थिएन। तर किन गोली चलाइयो, मैले बुझ्न सकेको छैन।" कान्तिपुरका सप्तरी संवाददाता अवधेश झाका अनुसार 'पानीकै फोहोराबाट पनि भीड नियन्त्रण गर्न सकिने अवस्था थियो तर त्यसको प्रयोग भएन।' नेपाल टेलिभिजनका सप्तरी संवाददाता श्यामसुन्दर गुप्ताले आफैं घाइतेको उद्धारमा सहभागी भएको अनुभव सुनाए। "पत्रकारको काम समाचार, फोटो, भिडियो लिने हो। तर त्यसदिन म आफ्नो पत्रकारिताको धर्ममा पराजित भएँ। प्रदर्शनकारीमाथि क्रूर आक्रमण भएको देखेपछि मानवताको हिसाबले म आफैं उद्धारमा लागें", एभिन्यूज टिभी का स्थानीय संवाददाता वैजनाथ यादव बढी नै भावुक देखिन्थे। उनले भने, "म मधेशी हुँ, कालो छु। तर मेरो पाउ मुनि र शिरमाथि नेपाल छ। सबै पक्षले नेपालीपन कायम राखेको भए त्यो परिस्थिति उत्पन्न हुन्थेन।" कार्यक्रममा सहभागी हुन पुगेका सुनसरी एमालेका अध्यक्ष द्वारिकालाल चौधरी पनि काठमाडौंबाट झिकाइएको पानीको फोहोरा फ्याक्ने उपकरण ( वाटर क्यानन) को प्रयोग किन नगरिएको भन्नेमा छन्। चौधरी भन्छन्, "कार्यक्रम लगभग सकिएको थियो। प्रदर्शन दक्षिणतिर बढी केन्द्रित थियो। सहभागी सबै नेता तथा कार्यकर्ता उत्तरपट्टिबाट सुरक्षित रूपमै निस्कन सक्ने अवस्था थियो। जुन रूपमा सुरक्षाकर्मी र पानीको फोहोरासहितको बन्दोबस्तीको सामग्री उपलब्ध थियो, त्यसलाई हेर्दा गोली चलाउनुपर्ने अवस्था त थिएन।" सुनसरीको इटहरीमा एमालेले भव्य सभा सम्पन्न गरिसकेको थियो, स्थानीय व्यवस्थापनको नेतृत्व चौधरीले नै गरेका थिए। त्यसबाहेक पनि एमालेले सुनसरीको इनरवा र झुम्कामा कोणसभा समेत गरेको थियो। सुरक्षा प्रशासनको आग्रहमा लौकहीको कोणसभाचाहिं रद्द गरिएको चौधरीले जानकारी दिए।



"म मधेशी हुँ, कालो छु। तर मेरो पाउ मुनि र शिरमाथि नेपाल छ। सबै पक्षले नेपालीपन कायम राखेको भए त्यो परिस्थिति उत्पन्न हुन्थेन।"

स्थानीयको दाबीअनुसार घटनाका एक घाइतेलाई उद्धार गर्दै गर्दा सशस्त्र प्रहरीले सन्जनलाई नियन्त्रणमा लिएर नजिकैबाट टाउकोमा गोली प्रहार गरेको थियो।

सुरक्षाकर्मीको बचाउ गर्दै गृह मन्त्री विमलेन्द्र निधिले २७ फागुनमा संसद्लाई सप्तरी घटनाबारे जानकारी दिँदै 'सुरक्षाकर्मीले ठूलो क्षति रोक्न बाध्यात्मक परिस्थितिमा गोली चलाएको' बताएका थिए। गृहमन्त्री निधिले, 'एमालेको कार्यक्रम भइरहेका बेला अनियन्त्रित भीड घरेलु हतियार र पेट्रोल बमसहित कार्यक्रम स्थलतर्फ बढ्दा रोक्न खोज्दा स्थिति नियन्त्रण बाहिर गई ठूलो क्षति हुने अवस्था आएपछि स्थानीय सुरक्षा अधिकारीको आदेशमा गोली चलेको' बताएका थिए।

सप्तरी एमाले अध्यक्ष गोविन्द न्यौपानेका भनाइमा चाहिं मलेठमा बिहानैदेखि जारी प्रदर्शनमा तीन तह थियो। उनको दाबी अनुसार पहिलो मोर्चामा युवा-किशोरलाई परिचालन गरिएको थियो। उनले भने, "मोर्चाका नेता दोस्रो तहमा थिए। बम-हतियारसहितको सार्पसूटर दस्ता तेस्रो स्थानमा थियो।" न्यौपानेले नाम नै किटेर केन्द्रका लागि रिपोर्टिङ गर्ने केही स्थानीय सञ्चारकर्मीले आफ्ना संचारमाध्यम र सामाजिक संजालमा एकतर्फी विवरण प्रस्तुत गरेर एमालेको बदनाम गर्न खोजेको आरोप लगाए।

काठमाडौंबाट झिकाइएको पानीको फोहोरा फ्याक्ने उपकरण (वाटर क्यानन) को प्रयोग किन नगरिएको हो त ? प्रजिअ कटवालले प्राविधिक खराबीका कारण यो प्रयोगमा आउन नसकेको बताए। तर, अहिलेसम्म पनि त्यो 'प्राविधिक खराबी' के थियो भन्ने खुल्न सकेको छैन। नेपाल प्रहरीसँग रहेको एक मात्र वाटर क्यानन एकदिन अघि २२ फागुन २०७३ मा मात्रै काठमाडौंबाट कार्यक्रमस्थल पुऱ्याइएको थियो।

**निशानामा निर्धा**

घटनाका मृतकमध्ये २४ वर्षे सन्जन मेहताको नौ महीना अगाडि मात्रै विवाह भएको थियो। पिता लक्ष्मणका अनुसार स्नातक सकेका सन्जन सरकारी जागिरका लागि लोकसेवाको तयारी गर्दै थिए। अर्का मृतक पूर्वप्रहरी वीरेन्द्र महतो मलेठस्थित ससुरालीमा बस्दै आएका थिए। उनका तीन साना छोरी र एक छोरा छन्। उनी छोराछोरीहरूका लागि चकलेट लिन भनेर निस्केका थिए। सप्तरी घटनामा मारिएका आनन्द साह वरिष्ठ अहेब हुन्। पोलियो थोपा खुवाउने अभियान सकेर घर फर्कँदै गर्दा उनी मारिएका थिए। ५६ वर्षे पीताम्बर मण्डल ठेला चालक थिए भने इनरदेव यादव किसानी गर्थे। इनरदेवका पिता मुनरदेव यादवको मृत्यु भएको ९ दिन मात्रै भएको थियो, उनी पिताको मृत्यु संस्कारको निम्तो दिन घरबाहिर निस्किएका थिए। मलेठका बासिन्दा एमालेनिकट युवा संघका सप्तरी अञ्चल उपाध्यक्ष छोटेलाल यादवका अनुसार, सदस्यता नलिए पनि सन्जन र वीरेन्द्र एमालेका मतदाता थिए। वरिष्ठ अहेब आनन्द साह कांग्रेसनिकट स्वास्थ्यकर्मीको जिल्लास्तरीय संगठनमा आवद्ध थिए।

स्थानीयको दाबीअनुसार घटनाका एक घाइतेलाई उद्धार गर्दै गर्दा सशस्त्र प्रहरीले सन्जनलाई नियन्त्रणमा लिएर नजिकैबाट टाउकोमा गोली प्रहार गरेको थियो। घटनामा मारिएका सबैको पोस्टमोर्टम बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरिएको थियो। प्रतिष्ठानका फरेन्सिक विभाग प्रमुख सिवेन्द्र झाका अनुसार सबै मृतकको कम्मरमाथि गोली लागेको छ। झाले भने "सन्जनको पोस्टमोर्टम रिपोर्टमा ब्लास्ट इन्जरी देखिएको छ।" उनका भनाइमा नजिकबाट गोली प्रहार भएको अवस्थामा 'ब्लास्ट इन्जरी' हुन्छ।

घटनाका प्रत्यक्षदर्शी स्थानीय पत्रकारका अनुसार सुरक्षाकर्मीले तैनाथ सहकर्मीले बोकेका ढाल (शिल्ड) मा छेलिएर गोली चलाएका थिए। आफ्नो परिचय नखुलोस् भनेर दुई ढालको बीचबाट बन्दूकको नाल छिराएर अन्धाधुन्द गोली चलाइएको थियो। यसरी चलाइएको कारण अग्लो रूखको टुप्पोमा समेत गोलीको दाग देखिन्छ।

प्रत्यक्षदर्शी र सुरक्षा निकायकै कतिपय जुनियर अधिकृतसँगको कुराकानीबाट घटनाका बेला प्रदर्शनकारीकै हाराहारीमा तैनाथ सुरक्षा निकायले संयमता अपनाउन नसकेको पुष्टि हुन्छ। सुरक्षा निकायले बस्तीभित्रै पसेर स्थानीयलाई कुटपिट र गोली प्रहार गरेको थियो। घटनास्थल पुगेकी राष्ट्रिय मानवअधिकार आयोग सदस्य मोहना अन्सारीले पनि सुरक्षा निकायले संयमता अपनाउनु साटो चरम दमन गरेको बताइन्। चार दिनको अवलोकन र सरोकारवालासँगको छलफलपछि उनले भनिन्, "घटनामा जो मारिए, उनीहरूको हत्या भएको हो। यसको जवाफ सरकारले दिनुपर्छ।"

**त्रास, भ्रम र यथार्थ**

सप्तरी घटनाको भोलिपल्ट राजधानीमा आयोजित एक कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रदर्शनकारीले बम, सकेट बम, ग्रिनेड, हातहतियार, भाला, तरबार प्रयोग गरेको दाबी गरेका छन्। एमाले जिल्ला अध्यक्ष गोविन्द न्यौपानेले २० फागुनमा कोशी ब्यारेजनजिकको गोबरगाडा क्षेत्रबाट ५० जना हतियारधारी जत्था भित्रिएको र उनीहरू पनि प्रदर्शनमा सहभागी भएको दाबी गरे। यसबारे सुरक्षा निकायलाई जानकारी गराए पनि कुनै तदारूकता नदेखाइएको न्यौपानेको भनाइ छ। २३ फागुनमा कार्यक्रमस्थलबाट एक र तीन किलोमिटर उत्तर रूपनीमार्गमा दुई वटा कुकर बम फेला पर्नुले पनि एमालेका शीर्ष नेताहरूलाई बाटोमै मार्ने योजना रहेको उनको भनाइ छ। घटनाको भोलिपल्ट एमाले केन्द्रले पनि मधेशी मोर्चाले एमाले शीर्ष नेतालाई मार्ने सुनियोजित योजना बुनेको निष्कर्ष निकालेको छ।

के यी दावीहरू सही थिए ? स्थानीय सुरक्षा निकाय अधिकारीले केही संख्यामा पेट्रोल बम प्रयोग भए पनि प्रदर्शनकारीतर्फबाट हातहतियार, ग्रिनेड र सकेट बमजस्ता सामग्री प्रयोग नभएको बताएको छ। ठूलो संख्यामा हतियारधारी जत्था भित्रिएको सूचना पनि सही थिएन। गुप्तचर स्रोतका अनुसार केन्द्र र स्थानीय तहबाट हातहतियार, विस्फोटक सामग्री मात्र होइन सवारी साधनमा पुन: प्रयोग गर्न नमिल्ने मोबिल बाटोमा खन्याएर एमाले नेताको गाडी दुर्घटना गराउने र कार्यक्रम बिथोल्ने रणनीति मोर्चाले लिएको 'सूचना' आएको थियो। "हामीले शंकास्पद स्थल र क्षेत्रमा सूचकहरू घूसपैठ गराएर अनुसन्धान गर्दा त्यस किसिमको कुनै प्रमाण फेला पारेनौं" राष्ट्रिय अनुसन्धान विभागका सप्तरी प्रमुख उपअनुसन्धान निर्देशक देवराज लिम्बूले भने "ती अपुष्ट हल्लाहरू मात्रै थिए।"

घटनाको दिन फेला परेका दुई वटा प्रेसर कुकर बम निष्क्रिय पार्न नेपाली सेनाको सप्तरीस्थित कृष्ण दल गणको 'बम डिस्पोजल युनिट' खटियो। निष्क्रिय पार्ने क्रममा पत्ता लाग्यो कि कुकरभित्र बालुवा रहेछ। बालुवा भरिएको कुकरमा निलो, रातो तार थियो, वास्तविकता पत्ता नलागुन्जेलको करीब एक घण्टा वातावरण त्रासमय बन्यो। "कुकरसँगै मधेश लिबरेसन फ्रन्टको पर्चा भेटिएको थियो", गणपति प्रमुख सेनानी डम्बर बोहराले भने। त्यसअघि पनि जिल्लाका विभिन्न स्थानमा कुकर बम फेला परेका थिए, त्यहाँ जयकृष्ण गोइत नेतृत्वको सशस्त्र समूहको पर्चा भेटिएको थियो। "मोर्चा र सशस्त्र समूहको साँठगाँठ छ। केही अप्रिय घटना भए गोइतले आफूले गराएको भनेर विज्ञप्ति निकालेर मोर्चालाई चोख्याउने काम गर्दै आएका छन्", एमाले जिल्ला अध्यक्ष न्यौपानेको भनाइ छ।

पहिले रंगशालामा तय भएको एमाले कार्यक्रम पछि औद्योगिक क्षेत्रमा सारिएको थियो। एकसाता अघिदेखि नै रातको समयमा रंगशालामा ठूलो आवाज आउने पटाका दिनहुँजसो पड्काउने काम हुँदै आएको थियो। त्यसैगरी एमालेले रंगशालामा कार्यक्रम गरे वरिपरि घरका छतमा लाउड स्पीकर राखेर नाराबाजी गर्ने मोर्चाको योजना थियो। मोर्चा कार्यकर्ता २०-२५ वटा मोटरसाइकल लिएर दिनहुँजसो 'एमाले सभामा गए राम्रो नहुने' जनाउ स्थानीयलाई दिने गर्थे। ११ फागुनमा मनराजा गाविसमा भएको क्षेत्र नम्बर ६ को एमाले बैठक र १९ फागुनको ढिक्लीको बैठकस्थलमै पुगेर मोर्चा कार्यकर्ताले माइन्यूट खोस्ने, स्थानीय एमाले नेतालाई धम्क्याउने काम गरेका थिए। २० फागुनमा त एमाले जिल्ला उपसचिव प्रतापनारायण चौधरीलाई कालोमोसो नै दले। "८-१० वटा मोटरसाइकलमा आएका मोर्चा कार्यकर्ताले अपशब्द बोल्दै मोसो दले", चौधरीले भने। चौधरीकै मोटरसाइकलमा सवार एमाले जिल्ला सचिव शम्भु यादव भागेर जोगिए।

**प्रतिशोध र प्रतिष्ठाको लडाईं**

मधेशी मोर्चाका जिल्ला संयोजक दिनेश यादव जसरी पनि एमालेको कार्यक्रम बिथोल्ने पक्षमा थिए। एमाले जसरी पनि राजविराजमै कार्यक्रम गर्ने अडानमा थियो। २० फागुनमा तत्कालीन एसपी लोहनीले एमाले र मोर्चा दुवै पक्षलाई राखेर बैठक गराएका थिए। बैठकमा मोर्चाका स्थानीय संयोजक दिनेश यादवले राजविराजमा कार्यक्रम गरे आफूहरूले समेत आन्दोलनकारीलाई नियन्त्रण गर्न नसक्ने बताएका थिए। सुरक्षा निकायले एमालेलाई जिल्लाकै कन्चनपुर वा रूपनगर क्षेत्रमा कार्यक्रम सार्न सुझाव दिएको थियो। यी दुई क्षेत्रमा एमाले बलियो थियो। सुरक्षा निकायले सुनसरीको मूल सभा इटहरीमा गरेकाले सप्तरीमा पनि राजमार्गकै कुनै स्थानमा कार्यक्रम गर्न सुझाव दिएको थियो। द्रुष्लमधेशी मोर्चामा गएको वर्ष आफूहरूलाई एमालेले इटहरीमा कार्यक्रम गर्न नदिएको आक्रोश पनि थियो। ११ मंसीर २०७२ मा संघीय मोर्चा गठबन्धनले इटहरीमा कार्यक्रम गर्न बनाइएको मञ्च एमाले कार्यकर्ताले भत्काइदिएका थिए। त्यसपछि एमाले र मोर्चाबीच पटकपटक टकराव भएको थियो। जस्तो कि, संविधाननिर्माणदेखि नै सीमांकनलगायतका विषयलाई लिएर चरणबद्ध रूपमा आन्दोलनमा थियो मोर्चा। उसले २८ पुस २०७२ देखि मोरङमा विभिन्न कार्यक्रम गर्दै आएको थियो। मोर्चाले मोरङको रंगेलीमा ७ माघ २०७२ मा विरोध सभा गर्ने कार्यक्रम तय गरेको थियो। एमालेको भ्रातृ संगठन युवासंघ नेपालले पनि एमाले अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा ७ माघ २०७२ कै दिन रङ्गेली बजारमा 'तराई मधेश संवाद तथा जनजागरण अभियान' अन्तर्गत बृहत जनसभा गर्ने निर्णय गऱ्यो। मोर्चाले युवासंघको कार्यक्रम बिथोल्ने नीति लियो। त्यसक्रममा सुरक्षा निकाय र मोर्चाबीच झडप हुँदा मोर्चा कार्यकर्तासहित ३ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा मोरङ रङ्गेलीकी ६२ वर्षे द्रौपतादेवी चौधरी, मोरङ बरडङ्गाका ४५ वर्षे महादेव ऋषिदेव, र मोरङ डायनियाका २४ वर्षे शिवु माझी थिए।

त्यसपछि एमालेसंग मोर्चा झनै चिढिएको थियो। विभिन्न समयमा मोर्चाविरूद्ध चर्को अभिव्यक्ति दिएका कारण एमाले अध्यक्ष ओलीप्रति मोर्चाको स्थानीय तह झनै आक्रोशित थियो। सप्तरीमा पनि ओलीको भाषण सुरू भएपछि नै मोर्चा कार्यकर्ता उत्तेजित भएका थिए।

सप्तरी घटनामा एमाले र मोर्चाका स्थानीय नेताको 'इगो' ले पनि काम गरेको छ। आन्दोलनरत मोर्चा गठबन्धनका स्थानीय संयोजक दिनेश यादव लामो समय एमालेको भातृ संगठन अनेरास्ववियुको राजनीतिमा संलग्न थिए। युवासंघको केन्द्रिय सचिवालय सदस्य निरन्जन झा भन्छन् "म अखिलको जिल्ला अध्यक्ष हुँदा दिनेशजी केन्द्रिय सदस्य हुनुहुन्थ्यो।" एमाले जिल्ला अध्यक्ष न्यौपानेका भनाइमा, 'यादवको राजनीतिक यात्रामा सप्तरीनिवासी एमाले केन्द्रिय सदस्य सुमन प्याकुरेलको ठूलो योगदान छ।' हिजो आफैले संरक्षण दिएका कार्यकर्ता यादवले एमालेलाई सदरमुकाममा निषेध गर्ने र राजमार्गतिर कार्यक्रम सार्न भनेपछि प्याकुरेल चिढिए। दुवै पक्षले यसलाई प्रतिष्ठाको विषय बनाए। एमालेले औद्योगिक क्षेत्रलाई कार्यक्रमस्थल बनायो। न्यौपानेले भने, "राजमार्ग छेउ रूपनीतिर कार्यक्रम सार्ने कि भन्ने पनि थियो। तर त्यो मोर्चाको पकड क्षेत्र भएकाले बाक्लो बस्ती नभएको औद्योगिक क्षेत्रमा गर्ने तय गरियो।"

मोर्चाका स्थानीय संयोजक यादव भने आफूले एमालेका केही शीर्ष नेताहरूलाई टेलिफोन गरी कार्यक्रमस्थल सार्न आग्रह गरेको दाबी गर्छन्। प्रशासनको स्थानीय नेतृत्व एमालेनिकट भएको र उनीहरूले पनि एमालेलाई हौस्याउँदा आफूहरूको आग्रह स्वीकार नभएको उनको ठम्याइ छ। "सुरक्षा निकायले दमन गर्दा शान्तिपूर्ण प्रदर्शनमा ठूलो मानवीय क्षति भएको हो", उनले भने। मोर्चा नेताहरूले तत्कालीन प्रजिअ उद्धव तिमिल्सिनाले एमाले नेताको निर्देशनमा काम गरेको आरोप लगाउने गरेका छन्। तिमिल्सिना एमालेनिकट स्थानीय निकाय कर्मचारी संघको सल्लाहकार रहिसकेका व्यक्ति हुन्। २०६१ सालमा गठन भएको संघको लगातार चौथोपटक नेतृत्व गरेका अध्यक्ष हरिकुमार श्रेष्ठ भन्छन्, "उद्धव सर मेरो दोस्रो कार्यकालमा सल्लाहकार हुनुहुन्थ्यो।"

तथ्यहरूले देखाउँछन् सो दिन सप्तरीको अवस्था उत्तेजक अवश्यै थियो तर प्रहरी प्रशासनले भनेजस्तो नियन्त्रण बाहिर पुगिसकेको भने थिएन। स्थानीयवासी, पेशाकर्मी, राजनीतिक दलहरू र प्रहरी प्रशासनकै कतिपय व्यक्तिका भनाइमा 'स्थिति थप बिग्रन नदिन' विकल्पहरू थिए- गोली नै चलाउनुपर्ने अवस्था थिएन।

अर्कोतर्फ प्रदर्शनमा मोर्चाका चिनिएका कुनै शीर्ष नेता उपस्थित थिएनन्। आन्दोलन स्थानीय नेताको पूर्ण पकडमा पनि थिएन। तीन पूर्वप्रधानमन्त्रीसहित एमालेका शीर्ष नेता सहभागी कार्यक्रमको राजनीतिक-वैचारिक प्रतिरोध गर्नु थियो भने मोर्चासम्बद्ध शीर्ष नेताहरू प्रदर्शनमा सहभागी हुनुपर्थ्यो। मोर्चातिर पनि शीर्ष नेता भएको भए प्रदर्शन उत्तेजित नहुन पनि सक्थ्यो। मोर्चाका शीर्ष नेताहरूले पनि 'आन्दोलनले आफ्नो प्रभाव विस्तार गरोस्' भन्ने मात्रै चाहेको आभास हुन्छ। तर, राजनीतिक दलहरूको प्रतिष्ठा र निषेधको राजनीतिका कारण मलेठमा जो मारिए, उनीहरूहरूको एमाले सभा र मोर्चाको प्रदर्शनसँग कुनै सरोकार थिएन।

(मधेशवाणी अर्काइभबाट २०७३।१२।११)

## मधेश अपडेट

### कलाकारितालाई उचित सम्मान नदिएको गुनासो

चन्द्रकान्त खनाल, रूपन्देही। राज्यले कलाकारिता क्षेत्रलाइ उचित सम्मान गर्न नसकेको कलाकारहरूले गुनासो गरेका छन्। बुटवलमा पांचौ अर्ना रनिङ्ग शिल्ड दोहोरी गीत प्रतियोगिता तथा सांस्कृतिक महोत्सवको सन्दर्भमा रिपोर्टर्स क्लव प्रदेश ५ मा आयोजित साक्षात्कारमा बोल्दै उनीहरूले नेपालका राज्य संचालकहरूले कलाकारिता क्षेत्रको बिकास र संरक्षणका लागि आश्वासन बाहेक कलाकारलाइ कुनै प्रकारको सम्मान र स्थान नदिएको गुनासो गरेका हुन्। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल केन्द्रीय अध्यक्ष बद्री पंगेनीले नेपालको कलाकारहरू चर्चामा आउन की त कि मर्न पर्ने की बिबादमा पर्नै पर्ने ? भन्दै प्रश्न गरेका छन्। नेपालमा अहिले मिडियाहरू धेरै खुलेका छन् तर कलाकारको चर्चा गर्न,लेख्न कन्जुस्याङ भएको भन्दै दुखेसो सुनाए ।कलाकारका लागि पत्रकार घर छाउने खर जस्तै हो ,पहिले कम मिडिया थिए, अहिले धेरै छन् तर पहिलेको तुलनामा कलाकारको चर्चा र महत्व कम भयो ,हाम्रो बेवास्था भयो की ? उनले भने।

### म विरूद्ध षड्यन्त्र हुँदैछ : महतो

जनकपुरधाम। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले आफू निश्चित समयमा नै पार्टी महाधिवेशन गराउने पक्षमा रहेकोले महाधिवेशन नचाहनेहरूले आफू विरूद्ध षडयन्त्रको जालो बुन्न थालेको आरोप लगाएका छन्। महतोविरूद्ध उनकै पूर्व स्वकीय सचिव रवीन्द्र कुमार चौधरी (राजेश) ले विभिन्न आरोप लगाएपछि महतोले त्यसको खण्डन गर्दै महाधिवेशन नचाहनेहरूको एउटा षडयन्त्र भएको स्पष्टोक्ति दिएका छन्। जनकपुरधाममा पत्रकारहरूको जिज्ञासामा महतोले भने, 'म विरूद्ध भइरहेको षड्यन्त्रलाई हेर्दा मलाई कुनै आश्चर्य लागेको छैन। अहिले म आफ्नो सम्पूर्ण ध्यान र ऊर्जा तोकेकै समयमै पार्टीको महाधिवेशन गराउन लगाएको हुनाले अरू सानो तिनो कुरा र आरोप प्रत्यारोप माथि मेरो कुनै खासै चासो छैन।' राजपामा बढ्दो सक्रियता र जनप्रभावले आत्तिएर पार्टी भित्र तथा बाहिरका केही शक्तिहरू आफू विरूद्ध लागेको बताउँदै महतोले महाधिवेशनसम्म यस्तो स-साना कुरामा आफू नअल्झिने प्रतिक्रिया दिएका छन्। यता संसद सचिवालयले महतोका स्वकीय सचिव रहेका रबिन्द्र चौधरी (राजेश)लाई तीन महिना पहिले नै जिम्मेवारी मुक्त गरि सकेको जानकारी दिएको छ। उक्त अवधिमा संसद सचिवालयमा जम्मा गरिएको सबै कागजातमा चौधरीकै हस्ताक्षर रहेको कुरा पनि स्पष्ट पारेका छन्। 'मैरै निर्वाचन क्षेत्र रहेको जनकपुरधाममा विगत लामो समयदेखि पत्ररकारीता गर्दै आएका र प्रेस मञ्च नेपालको केन्द्रीय उपाध्यक्ष समेत रहेका बिन्द किशोर साह (किशोर गुरू) मेरो स्वकीय सचिव रहेको' समेत उनले स्पष्ट पारे।

### छोरी शिक्षा बीमा प्रदेशभरि लागू

जनकपुरधाम। मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रमअन्तर्गत प्रदेशको ८ वटा पालिकाबाट शुरू भएको छोरी शिक्षा बीमा कार्यक्रम प्रदेशभरि लागू भएको छ। मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले आइतबार पत्रकार सम्मेलनको आयोजना गरि माघ १ गतेदेखि नै लागू हुने गरि प्रदेशभरि लाग गरिएको घोषणा गरेका छन्। प्रदेश सरकारले यस कार्यक्रमअन्तर्गत माघ १ गतेपछि जन्मिएका बालिकाहरूलाई १ लाख २५ हजारको बीमा गर्नेछ। सो बीमाका लागि प्रदेश सरकारले प्रभु बैंकसँग सम्झौतासमेत गरिसकेको छ। प्रदेश सरकारले नवजात बालिकाको नाउँमा एक मुष्ट रकम जम्मा गरेपछि २० वर्ष पछि बैंकले बालिकालाई १ लाख २५ हजार रकम एकमुष्ट उपलब्ध गराउने छ। तर शिक्षाका लागि रकमको आवश्यकता परे प्रदेश सरकारको सिफारिसमा बीचमा समेत केही रकम झिक्न पाउने व्यवस्था गरिएको छ। बीमाका लागि नवजात छोरीको फोटो, आमा वा बुवाको नागरिकता, जन्म दर्ताको प्रमाणपत्र र वडा सिफारिस आवश्यक रहेको छ। छोरी बीमा कार्यक्रमलाई सफल बनाउन प्रदेश सरकारले स्वयंसेवक समेत परिचालन गर्ने जानकारी पत्रकार सम्मेलनमा दिइएको छ। देशभरि नै चर्चा पाएको बेटी पढाउ बेटी बचाउ कार्यक्रमको लागि संघीय सरकारले समेत ५० करोड विशेष अनुदान उपलब्ध गराएको छ।

### "राम्रो प्रहरीको पहिचान दिन्छौं"

राकेश यादव, रौतहट। जिल्ला प्रहरी कार्यालयका प्रमुख भुपेन्द्र बहादुर खत्रीले रौतहट प्रहरीलाई 'वाह' प्रहरी बनाउने बताएका छन्। शुक्रबार जिल्ला प्रहरी कार्यालयमा आयोजना गरिएको मिट एण्ड ग्रिट कार्यक्रममा सम्बोधन गर्दै प्रहरी उपरीक्षक खत्रीले सेवाग्राहीसँग गर्ने व्यवहारको बारेमा जानकारी गराई राम्रो प्रहरीको पहिचान दिने प्रहरी बनाउने बताए। राष्ट्रिय प्रहरी प्रतिष्ठान काठमाडौंबाट रौतहटमा फागुन १२ गते हाजिर हुनु भएका प्रहरी उपरीक्षक खत्रीले रौतहटको बारेमा बाहिर गरिएको नकारात्मक प्रचार प्रसार भ्रामक मात्र रहेको दावी गरे। उनले भने, 'रौतहट जिल्ला राम्रो रहेको छ। नराम्रो वतावरण रहेको हल्ला अफवाह मात्र रहेको अनुभव गरेको छु।' विगतमा गरे भएको कार्य जस्तो आफ्नो कार्य नहुने विश्वास जनाएका छन्। कर्मचारीका लागि रौतहट राम्रो बस्ने ठाउँ नभएको राजधानी काठमाडौंतिर हल्ला रहेको तर त्यस्तो वातावरण नपाएको उनको भनाई रहेको छ। रौतहटमा बसुञ्जेल कानुनको पालना गर्दै जनतालाई न्यायको अनुभुति गराउने बताए। अपराध अनुसन्धानमा राम्रो अनुभव रहेको सुनाउँदै नेपालको चर्चित घटनाको आफ्नो नेतृत्वमा सफल अनुसन्धान समेत गरेको दावी गरे। उनले भने जनकपुरको रामानन्द चौकमा भएको घटनाको पनि अनुसन्धान गरेको छु।

### प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न

कैलाली। गृहमन्त्री रामबहादुर थापा 'बादल' को प्रमुख आतिथ्यमाबुधबार आयोजित कार्यक्रमबीच नेपाल सरकार गृह मन्त्रालयको वार्षिक कार्यक्रम अनुरूप कैलालीको धनगढीमा मंगलबारदेखि सुरू भएको सुदूरपश्चिम प्रदेश स्तरीय दुई दिवसीय सुरक्षा गोष्ठी सम्पन्न भएको छ। उक्त अवसरमा गृहमन्त्री थापालेहाल मुलुकमा कानुन निर्माणको क्रममा रहेको चर्चा गर्दै हालसम्मका समस्यालाई निर्मूल गर्ने र राष्ट्रिय हितमा कुनै असर नपर्नेगरी कानुनमानै समावेश गरिने बताए। आर्थिक अपराधी, संघीयता, संविधान तथा राष्ट्रिय अखण्डता विरोधी, समाजिक अपराधी, विकास निर्माणमा वाधा पुर्याउने लगायत चोरी तस्करी गर्ने जस्ता आपराधिक तत्वलाई निस्तेज पार्ने जिम्मेवारी सुरक्षा निकायको भएकोले त्यही अनुसार काम गरी राष्ट्रलाई विकास र समृद्धिको बाटोमा अगाडि वढाई नेपाल सरकारको सुखी नेपाली समृद्ध नेपाल भन्ने राष्ट्रिय संकल्पलाई सफल पार्न गृहमन्त्री थापाले निर्देशन दिए।

### दशगजा क्षेत्रमा संयुक्त गस्ती

बाँके। बर्दियाको बढैयाताल गाउँपालिका डाफैं जमुनीस्थित संवेदनशील दशगजा क्षेत्रमा नेपाल-भारत संयुक्त सुरक्षागस्ती गरिएको छ। प्रहरीचौकी जमुनी, इलाका प्रहरी कार्यालय धनौली बाँके र भारतीय सीमा सुरक्षावल (एसएसवी) को संयुक्त गस्ती टोलीले पिलर नम्बर ४१ देखि ४७ सम्मको संवेदनशील दशगजा क्षेत्रमा गस्ती गरेको हो। बर्दियाबाट ५, बाँकेबाट ४ र भारतीय सुरक्षाबलका ५ जना गरी १४ जनाको संयुक्त टोलीले सीमावर्ती क्षेत्रमा गस्ती गरेको जिल्लाप्रहरी कार्यालय बर्दियाका प्रहरी उपरीक्षक सुरेन्द्रप्रसाद मैनालीले बताए।

### ४८ शहीद परिवार सम्मानित

राजविराज। पञ्चायतकालदेखि हालसम्मका विभिन्न आन्दोलनमा शहीद भएकाहरूको परिवारलाई सम्मान गरिएको छ। शहीद जनस्मृति प्रतिष्ठानले राजविराजमा आयोजना गरेको कार्यक्रममा जिल्लाका ४८ शहीदका परिवारलाई सम्मान गरिएको हो। पञ्चायतकाल, जनयुद्धकाल, जनआन्दोलन, मधेश आन्दोलनमा सप्तरीबाट शहादत दिएकाको परिवारलाई सम्मानित गरिएको प्रतिष्ठानका अध्यक्ष तथा पूर्वमन्त्री उमेश यादवले बताए। कार्यक्रममा पञ्चायतकालमा वेपत्ता बनाइएका तिलाठीका साकेतचन्द्र मिश्र, मलेठ घटनामा मारिएका पाँच जनाको परिवारसम्मलाई सम्मान गरिएको थियो। शहीद परिवारबाट आउनेलाई माला तथा अबीर लगाएर महिलालाई साडी र पुरूषलाई दोसल्ला प्रदान गरियो।

### सीमा क्षेत्रमा संयुक्त गस्ती

विराटनगर। नेपाल-भारत सीमा क्षेत्रमा दुई देशका सुरक्षाकर्मीले संयुक्त गस्ती थालेका छन्। सीमा क्षेत्रमा हुने अपराध नियन्त्रण र सीमासम्बन्धी समस्या समाधान गर्न यसले सहयोग पुग्ने अपेक्षा गरिएको छ। भारतसँग सीमा जोडिएका मोरङको सीमावर्ती क्षेत्रमा थालिएको गस्ती टोलीमा नेपालका २ज्ञ र भारतका १५ सुरक्षाकर्मी छन्। ७२ किलोमिटर क्षेत्रमा संयत्त गस्ती गरिरहेको टोलीले मोरङको रतुवामाई नगरपालिका-३ मिर्चैया गढीसम्मको रेखदेख गर्ने जिम्मेवारी पाएको छ। नेपालबाट सशस्त्र प्रहरी र भारतको तर्फबाट सीमा सुरक्षा वल (एसएसवी) रहने गस्ती टोलीलाई सीमा क्षेत्रको 'विशेष अप्रेशन' भनिएको छ। सशस्त्र प्रशहरीको नेतृत्व इन्स्पेक्टर सुमन बुढाथोकी र भारतका तर्फबाट एसएसवीको नेतृत्व इन्स्पेक्टर पशुपति सिंहले गरेका छन्।

# टीकापुर घटनाको सम्बन्धमा भएको फैसलाको पूर्णपाठ

मान बहादुर बोहरा समेतको जाहेरीले वादी नेपाल सरकार........ वादी
विरूद्ध
राम प्रसाद चौधरी समेत ५८ जना............. प्रतिवादी
मुद्दाः कर्तव्यज्यान, ज्यान मार्ने उद्योग र डौका चोरी ।

राम प्रसाद चौधरी समेत ५८ जना प्रतिवादी भएको कर्तव्य ज्यान मार्ने उद्योग र डाँका चोरी मुद्दाको वारदात स्थान कैलाली जिल्लाको टिकापुर र वारदात मिति २०७२ । ५। ७ र मृतकको संख्या १ जना नावालक र ८ जना सुरक्षाकर्मी गरी ९ जना रहेको देखिन्छ। प्रस्तुत मुद्दाका ५८ जना प्रतिवादी मध्ये ३१ जना फरार रहेका छन् भने २७ जना प्रतिवादीहरू पुर्पक्षको सिलसिलामा थुनामा रहेको देखिन्छन् । प्रस्तुत मुद्दाको मिति २०७५ । ११ । १५ देखि नियमित रूपमा सुनुवाई भै रहेकोमा वादी नेपाल सरकारको तर्फबाट जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधीवक्ता गरी २ जना र प्रतिवादीहरूको तर्फबाट वरिष्ठ अधिवक्ता सहित १२ जना अधिवक्ताहरूले बहस प्रस्तुत गर्नु भएको छ । मिति २०७५। ११ । १५ देखि नियमित सुनुवाई भएको सो मुद्दामा आज मिति २०७५।११।२२ मा फैसला भएको छ । उक्त मुद्दाको फैसलानुसार फरार रहेका ३१ जनाप्रतिवादीहरूको हकमा मुद्दा मुल्तवीमा रहने ठहरेको छ भने ११ जना

**दस्तावेज**

प्रतिवादीहरू क्रमशः हरिनारायण चौधरी, राजकुमार कठरिया, सुन्दरलाल कठरिया, वृज मोहन डगौरा, राजेश चौधरी, विर बहादुर चौधरी, प्रदिप चौधरी, विद्रोह भन्ने सिताराम चौधरी, श्रवण चौधरी, गंगाराम डगौरा चौधरी र रेशमलाल चौधरीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम जनहि जन्म कैद को सजाय हुने ठहरेको छ । यी प्रतिवादी मध्ये श्रवण चौधरी नावालक देखिएकोले निजलाई बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ११(३) अनुसार आधा सजाय अर्थात १० बर्ष कैद हुने ठहरेको छ ।

यसैगरी प्रतिवादीहरू लक्ष्मण थारू चौधरी), लाहुराम चौधरी, रामकुमार कठरिया, सन्तराम चौधरी विश्राम भन्ने जीत बहादुर डगौरा, प्रेम बहादुर चौधरी, किशनलाल चौधरी, दिल बहादुर चौधरी, संगम भन्ने सन्तोष थारू चौधरी, विश्राम चौधरी, चुन्की राम चौधरी र राम प्रसाद चौधरी समेत १२ जना लाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १७(३) नं. अनुसार जनही ३ बर्ष कैद हुने ठहरेको छ। यी प्रतिवादीहरू मध्ये चुन्नी राम चौधरी २०७५। ११ । ३० देखि थुना मुक्त हुने र अन्य ११ जना को कैद अवधि भुक्तान भै सकेकाले आजै थुनामुक्त हुने देखिन्छ ।

यसैगरी प्रतिवादी करन चौधरीलाई बालबालिका ऐन २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैद हुने ठहरेकोमा निजको पनि कैद भुक्तान भैसकेकोले आजै थुनामुक्त हुने देखिन्छ ।

अन्य प्रतिवादी नुरूल अलि जागा भन्ने तहाँवर अलि जागा, विसराम चौधरी ( कुस्मी) र रामनरेश चौधरीले सफाई पाउने ठहरेको छ ।

प्रस्तुत मुद्दामा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँका चोरी गरि तिन वटा वारदातको अभियोग लगाइएकोमा डाँका चोरी तर्फ सबै जनाले सफाई पाएका छन भने कर्तव्य ज्यान तर्फ जन्मकैद सजाय हुने ठहरेका १० जना प्रतिवादीहरूले ज्यान सम्बन्धी महलको १५ नं. को कसुर अपराधमा तजविजी ५ बर्ष समेत थप सजाय र नावालक श्रवण चौधरीलाई २ बर्ष ६ महिना कैद हुने ठहरे पनि मु. ऐन, दण्ड सजायको ४१ नं. बमोजिम ठुलो कलमको कैद ठेकिएकाले प्रस्तुत कैद ठेकी रहनु नपर्ने समेत फैसला भएको छ ।

# प्रदेश २ प्रति संघीय सरकार गम्भीर : उपप्रम यादव

जनकपुरधाम । प्रदेश नं. २ लाई समृद्ध बनाउने विषयमा संघीय सरकार, प्रदेश सरकार र विज्ञहरू बीच जनकपुरधाममा वृहत छलफल सम्पन्न भएको छ ।

नेपाल उद्योग परिसंघको आयोजना तथा प्रदेश सरकार र एसबीआई बैंकको सहकार्यमा सम्पन्न 'प्रदेश नं. २ को समृद्धिको मार्ग' विषयक अन्तरक्रिया कार्यक्रममा सरोकारवालाहरूबीच समृद्धिको भावी रणनीतिको विषयमा व्यापक छलफल भएको हो ।



कार्यक्रमका प्रमुख अतिथि उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले सबै सम्भावनाले भरिपुर प्रदेश २ को आर्थिक विकासलाई उच्च विन्दुमा पुऱ्याउन संघीय सरकार प्रतिबद्ध रहेको बताएका छन् । त्यसका लागि आवश्यक पूर्वाधारहरूको निर्माण तथा कानूनी समस्याहरू समाधान गर्न प्रदेश सरकार र स्थानीय सरकारसँग सहकार्य गर्न समेत संघीय सरकार तयार रहेको उनले उल्लेख गरे । कृषिको व्यापक सम्भावना रहेको यस प्रदेशमा कृषिमा लगानीका साथै कृषिजन्य उद्योगलाई प्राथमिकतामा राखेर अघि बढ्ने उल्लेख गरे ।

कार्यक्रममा विशिष्ट अतिथि एवं प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले लगानी भित्र्याउन आवश्यक सबै पूर्वाधार तयार गरेर लागनीको सुरक्षाको सुनिश्चितता समेत प्रदेश सरकारले ग्यारेन्टी गर्ने प्रतिवद्धता जनाए । आफुहरू सरकार गठनकै बेलादेखि लगानी मैत्री वातावरण निर्माण गर्ने नीति लिएको उल्लेख गर्नु हुँदै उहाँले त्यसका लागि आवश्यक कानून निर्माणको प्रक्रिया समेत शुरू भै सकेको बताए ।

मुख्यमन्त्री राउतले चैत्र मसान्तभित्र उद्योग सम्बन्धि कानून आफुहरू बनाइसक्ने जानकारी गराउँदै त्यसपछि लगानी भित्र्याउने विषयमा सहयोग गर्न विज्ञ एवं नेपाल उद्योग परिसंघका पदाधिकारीहरूलाई आग्रह समेत गरे ।

कार्यक्रममा भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले आफुहरू लगानी मैत्री वातावरण बनाउने प्रक्रियामा रहेपनि संघ सरकारले हातखुट्टा बाँध्ने काम गरि रहेको आरोप लगाए ।

त्यसैगरी, आर्थिक मामिला तथा योजनामन्त्री विजय कुमार यादवले लगानीकर्ताका लागि प्रदेश नं. २ सबैभन्दा सुरक्षित क्षेत्र हुने विश्वास व्यक्त गर्दै त्यसको प्रक्रिया आफूहरूले शुरू गरिसकेको उल्लेख गरे ।

कार्यक्रममा विज्ञहरूले समृद्धिको व्यापक सम्भावना बोकेको यस प्रदेशमा लागानीको वातावरण निर्माण भए ठूलठूला लगानीहरू भित्र्याउन सक्ने सम्भावना रहेको उल्लेख गरेका थिए ।

नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा प्रदेश २ को अवस्था र आर्थिक समृद्धिका लागि अगामी रणनीतिका विषयमा प्रवुद्ध परिसंघका संयोजक एवं योजना आयोगका पूर्वउपाध्यक्ष डा. शम्भुराज सिम्खडा, डा. शंकर प्रसाद शर्मा, डा. गोविन्द पोखरेल, विन्दु लोहनी सहितका वक्ताहरूले आ-आफ्ना विचार राखेका थिए ।

# शैक्षिक संरचनाको भूकम्प पछिको पुनर्निर्माणका लागि सम्झौता

काठमाडौं । भारतीय राजदूतावास, काठमाडौं र द सेन्ट्रल बिल्डिङ्ग रिसर्च इन्स्टिच्युट (सीबीआरआई), रूर्की, भारतबीच नेपालका ७२ वटा शिक्षा संरचनामा भूकम्प पछिको पुनर्निर्माणका लागि सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।




उक्त सम्झौता पत्रमा भारत सरकारको तर्फबाट काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. अजय कुमार तथा सीबीआरआई तर्फबाट प्लानिङ्ग एण्ड बिजनेस डिभ्लोपमेन्ट ग्रुप, सीबीआरआईका समूह अगुवा डा. पुर्णिमा परिदाले हस्ताक्षर गरेका छन् ।

सो हस्ताक्षर समारोहमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली तथा नेपालका लागि भारतीय राजदूत मञ्जीव सिंह पुरी सहभागी थिए ।

सीबीआरआईले गोर्खा, नुवाकोट, धादिङ, दोलखा, काभ्रेपलाञ्चोक, रामेछाप तथा सिन्धुपाल्चोक गरी ७ जिल्लाका ७० वटा उच्च माध्यमिक विद्यालयका साथै त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय तथा पाटन स्थित राष्ट्रिय पुस्तकालयको पुनर्निर्माणका लागि डिजाइन तथा परियोजना व्यस्वस्थापन परामर्श सेवा प्रदान गर्नेछ ।

सीबीआरआईले नेपाल सरकारको विपद् उत्थानशील पुनर्निर्माण निर्देशिका अनुरूप शैक्षिक संरचनाको पुनर्निर्माण/रेट्रोफिट गर्न शिक्षा मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाईसँग काम गर्नेछ ।

यस भारतीय राजदूतावास, काठमाडौं पुनर्निर्माण प्रभागका प्रमुख सुचिता किशोर तथा केन्द्रीय आयोजना कार्यान्वयन इकाईका परियोजना निर्देशक इमा नारायण श्रेष्ठले गोर्खा तथा नुवाकोटका आठ विद्यालयलको परियोजना-विशिष्ट सम्झौता पत्रमा हस्ताक्षर गरे ।

काउन्सिल अफ साइन्टिफिक एण्ड इन्डस्ट्रियल रिसर्चअन्तर्गत रहेको सीबीआरआई आश्रय योजना, निर्माण सामग्री, संरचना तथा प्रकोप न्यूनीकरण जस्ता क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने भारतको एक प्रमुख राष्ट्रिय प्रयोगशालाको रूपमा परिचित छ ।

# परिषद्को अधिवेशन चैत्र ९ गते

भैरहवा । सिद्धार्थ साहित्य परिषद रूपन्देहीको १४ औ अधिवेसन तथा २१ औ साधरणसभा आगमी चैत्र ९ गते शनिबार भैरहवामा हुने भएको छ । परिषदका अध्यक्ष डिल्लीराज भट्टराईको अध्यक्षतामा भैरहवामा बसेको ३२ औं बैठकले साधरण सभा तथा अधिवेसनको मिती तय गरेको कोषाध्यक्ष सिताकाफ्लेले बताईन् । बैठकले रूपन्देही क्याम्पसको सभाहलमा आयोजना हुने अधिवेसन तथा साधरणसभामा परिषदका सम्पुर्ण आजिवन सदस्य, पुर्व पदाधिकारी, सल्लाहकार तथा साधरणसदस्यहरूलाई उपस्थित भईदिन पनि अनुरोध गरेकोछ । यसैगरी बैठकले अधिवेसनकोलागी अधिवक्ता कुलानन्द ज्ञवालीलाई निर्वाचन आयुक्त चयन गरेको छ । अधिवेसनले आगमी कार्यकालकोलागी नया नेतृत्व चयन गर्नेछ । बैठकले परिषदको नयां सदस्यता समेत खुल्ला गरेको छ ।

# नव-प्रवर्तन नीतिको मस्यौंदा हस्तान्तरण

काठमाडौं । राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति मस्यौंदा समितिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई आफ्नो प्रतिवेदन बुझाएको छ । मस्यौंदा बुझ्दैं शिक्षा तथा विज्ञान प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले विज्ञान र प्रविधिलाई उत्पादन शक्तिको रूपमा लिनुपर्ने बताएका छन् । विज्ञानलाई आत्मसात गर्न सकेमात्र विकास हुने बताउँदै मन्त्री पोखरेलले भने, विज्ञान र प्रविधिलाई जीवन पद्धतीसंग जोड्नुपर्छ ।' विज्ञान र प्रविधिलाई उच्चतम प्रयोग गरेर अघि बढ्नुपर्ने उनको भनाई थियो । सामाजिक, सास्कृति रूपान्तरण र समृद्धीको निम्ती विज्ञान प्रविधि अनिवार्य आश्यकता भएको मन्त्री पोखरेलले बताए । मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री पोखरेलले नेपाललाई एक समुन्नत, गतिशील र समृद्ध राष्ट्रको रूपमा स्थापित गर्न नव-पर्वतनको भूमिका महत्वपुर्ण भुमिका रहने चर्चा गरे ।

## मधेश अपडेट

### बहुदरामाइमा साईकल वितरण

वीरगन्ज । पर्साको बहुदरामाई नगरपालिका वडा नं.- ४ स्थित श्री.ने.रा.मा.वि को परिसरमा साइकल वितरण कार्यक्रम सम्पन्न भएको छ । आयोजित साइकल वितरण कार्यक्रमका सभापति नितेन्द्र प्रसाद साहको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री अजय कुमार चौरसियाले कार्यक्रमको ब्यानर पढि कार्यक्रम उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै भनेका थिए बहुदरामाइ नगरपालिकामा भोलिको दिनमा प्रविधिक शिक्षा आवश्यकता रहेको बताउँदै प्राविधिक शिक्षा ल्याउन सहयोगको प्रतिबद्धता जनाए ।

### मटिहानीमा पोखरी सरसफाइ

अर्जुन कुमार साह, महोत्तरी । महोत्तरी जिल्लाको मटिहानीस्थित ऐतिहासिक लक्ष्मीसागर पोखरीको सरसफाइ गरिएको छ । नेपाली सेनाको फष्ट रैफल गण प्रकौली जलेश्वर, सशस्त्र प्रहरी, नेपाल प्रहरी मटिहानी, मटिहानी नगरपालिका र स्थानीयहरूले शुक्रबार बिहानदेखि सो पोखरी सरसफाइ गरेका छन् । पौराणिक र ऐतिहासिक सो पोखरीमा जलकुम्भी र फोहोर भएपछि पोखरी संरक्षण गर्ने उद्देश्यले सफाइ गरिएको कुरा मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले बताए । सो धार्मिक पोखरीबाट त्रेतायुगमा रामसिताको विवाह हुँदा विवाहको यज्ञवेदी निर्माण गर्न सो पोखरीबाट माटो खनेर लगेको धार्मिक मान्यता रहेको छ । पोखरी सफाइमा सयौं सुरक्षाकर्मी र स्थानीयहरूको सहभागिता रहेको थियो ।

### परिवार दलको "राष्ट्र जागरण अभियान"

धनगढी । नेपाल परिवार दलले राष्ट्रिय जागरण अभियान २०७५ को औपचारिक रूपमा सुरूवात गरेको छ । सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा आयोजित बिशेष कार्यक्रमलाई सम्बोधन गर्दै दलका अध्यक्ष एकनाथ ढकालले शान्ति र विकासका लागि सकारात्मक माहोल बनाउन राष्ट्र जागरण अभियान संचालन गरेको बताए । पूर्वमन्त्री समेत रहेका ढकालले राष्ट्रिय एकता, तीव्र विकास, संविधानको प्रभावकारी कार्यान्वयन, असल संस्कार, सुशासन, श्रमको सम्मान, समानता तथा पारिवारिक मूल्यमान्यताको जगेर्ना गर्न राष्ट्र जागरण अभियानले सहयोग गर्ने उल्लेख गरे ।

### शिक्षकलाई गाईभैंसी चराउन पठाउने सरकारको रणनीति : सांसद यादव

वीरगंज । संघीय समाजवादी फोरम नेपालका सांसद प्रदिप यादवले रोजगारीको कुरा गर्ने सरकारले राहत शिक्षकहरूलाई बेराजगार बनाई गाईभैंसी बाख्रा चराउन पठाउने तर्फ सरकार लागी परेको आरोप लगाएका छन् । बुधबार संघिय संसदमा बोल्दै पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचीत प्रतिनिधि सभा सदस्य सांसद यादवले राहत शिक्षकहरूको सवालमा सरकारले दोहोर चरित्र देखाएको आरोप लगाए । सांसद यादवले सरकारको ड्राफटमा राहत शिक्षकलाई २० प्रतिशत आन्तरिक प्रतिस्पधाबाट स्थायी गर्ने र ८० प्रतिस्त शिक्षकको जागीर चट गर्ने सरकारको योजना रहेको संसदमा खुलासा गरे । ४० हजार राहत शिक्षक मध्ये ८ हजारले जागीर पाउने र ३२ हजारले बच्चाहरूलाई पढाउन छोडेर गाई भैसी बाख्रा चराउन पठाउने सरकारको रणनिती रहेको उनले दावी गरे ।

### स्मृति दिवस तथा श्रद्धान्जली सभा सम्पन्न

बुटवल । शहिद यादवनाथ आलोक स्मृति केन्द्र तिलोत्तमा-१३ बनकट्टी रूपन्देहीले ३५ औं आलोक स्मृति दिवस मनाएको छ । दिवसकै अवसरमा केन्द्रले पूर्व उप-प्रधानमन्त्री भरतमोहन अधिकारी र पर्यटनमन्त्री रविन्द्र अधिकारी सहित सात जनाको हेलीकप्टर दुर्घटनामा भएको निधनलाई स्मण गर्दै श्रद्धान्जली सभा कार्यक्रम पनि सम्पन्न गरेको छ । अमृत भट्टराईको सञ्चालनमा केन्द्रका अध्यक्ष हेमराज अर्यालको अध्यक्षता र काँग्रेसका केन्द्रीय सदस्य गुरूराज घिमिरेको प्रमुख आतिथ्यता तथा प्रदेश नं. ५ प्रदेश सभा सदस्य रमा अर्याल, तिलोत्तम- १३ वडा अध्यक्ष गणेश न्यौपाने, तिलोत्तमा-१४ वडा अध्यक्ष सोहन प्रसाद थारू लगायत स्थानिय बुद्धिजिवी, जनप्रतिनिधी तथा विभिन्न संघ-संस्थाका व्यक्तित्वहरूको उपस्थितीमा यादवनाथ न्यौपाने(आलोक), भरतमोहन अधिकारी र रविन्द्र अधिकारीको तस्विरमा माल्यार्णपण गर्दै हेलिकप्टर दुर्घटनामा दिवंगत अन्य व्यक्तिहरूको सम्झनामा सम्मान सहित ३५ औं आलोक स्मृति दिवश मनाएको हो ।

### करेन्ट लागेर मृत्यु

मोरङ । कानेपोखरी गाउँपालिका-७ बरगाछ्रा बस्ने राजन तिम्सिनाको घरको पिलरमा रड ठड्याउने क्रममा ११ हजार भोल्टको तारमा रड छुन गई करेन्ट लाग्दा ज्यामी काम गर्ने सोही गाउँपालिका-७ बस्ने ३५ वर्षीय सागर तोलाङगीको शुक्रबार दिउँसो मृत्यु भएको छ । करेन्ट लागेर गम्भीर घाइते भएका तोलाङगीको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै करेन्ट लागेर घाइते भएका ज्यामी काम गर्ने बेलबारी नगरपालिका(७ डाँगीहाट बस्ने २० वर्षीय नबिन खवासको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### भरूवा बन्दुकसहित पक्राउ

रूपन्देही । नवलपरासी सुनवल नगरपालिका-७ ज्यामिरे बस्ने ३४ वर्षीय मानबहादुर कवारलाई भरूवा बन्दुक १ थान र सारस जस्तो देखिने चरा सहित फेला पारी शनिबार राति प्रहरीले पक्राउ गरेको छ । देवदह नगरपालिका-५ पानवारी कचरा खोला किनारामा बन्दुक पड्केको आवाज सुनी प्रहरी चौकी खैरेनीबाट खटिएको प्रहरीले तलासी गर्ने क्रममा उक्त भरूवा बन्दुक र सारस सहित मानबहादुरलाई पक्राउ गरेको हो ।

### युवक मृत फेला

बाँके । खाल्टोको पानीमा डुबेर मृत्यु भएको अवस्थामा युवकको शव फेला परेको छ । खजुरा गाउँपालिका-२ स्थित रिमझिमचोकदेखि खजुरा जाने पक्की सडकको बाटो खनेको खाल्टोको पानीमा डुबेर सोही ठाउँस्थित खनियापुर बस्ने ३० वर्षीय रामकिशोर रैदार बुधबार बिहान मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको छ ।

'लैंगिक समानताका लागि समान सोच र व्यवहार : समृद्धिको आधार'
अन्तर्राष्ट्रिय महिला दिवस, २०७५
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# शिव शिष्यहरूले मनाए महाशिवरात्री

**वीरेन्द्र ठाकुर**



काठमाडौं । हरेक वर्षभैं यो वर्ष पनि शिव शिष्य हरीन्द्रानन्द फाउण्डेसन काठमाण्डौ नेपालले महाशिवरात्रीको अवसरमा भव्य कार्यक्रमको आयोजना गरेको थियो । यस कालखण्डका प्रथम शिव शिष्य साहब हरीन्द्रानन्दले शिवलाई आफ्नो गुरू बनाएपछि अहिले करोडौंको संख्यामा मानिसहरूले शिवलाई गुरू बनाइसकेका छन् । 'शिव आज पनि गुरू हुनुहुन्छ' भनेर यो सुष्टिमा सबैलाई सूचना दिन हेतु हरीन्द्रानन्द फाउण्डेसनले कार्य गर्दै आइरहेको छ ।

शिव शिष्य र शिष्याहरूले शिव गुरू र शिव गुरूको बिहेको दिनको सम्भनामा बिशेष भक्तिभाव सहित शिवरात्री पर्व मनाएका हुन् । बिगत कैयौ वर्षदेखी महाशिवरात्रीको अवसरमा गर्दै आइरहेको गुरू चर्चाको कार्यक्रम यो वर्ष अलि फरक तरीकाले ब्यवस्थापन गरी कार्यक्रम सम्पन्न गरेका छन् । लगातार पाँच घण्टासम्म गरिने हर भोला हर भोला भोला भोला हर हर नामक सिद्ध भजन यसपाली बिहान १० बजेदेखी शुरू गरेका थिए । उक्त कार्यक्रममा सहभागी अधिकाँस शिव शिष्य तथा शिष्याहरू हर भोलाको भजन समेत गाएका थिए ।

हरेक वर्ष महाशिवरात्रीको अवसरमा गरिदै आएको चर्चा कार्यक्रम यो वर्ष पनि निःशुल्क चिया, पानी र प्रसादको रूपमा पुरी, तरकारी, बुनियाँ र खीर आदीको ब्यवस्था गरेको कुरा शिव शिष्य हरीन्द्रानन्द फाउँण्डेसनका ओम प्रकाश सिंहले बताए । कार्यक्रमको बारेमा आफूले अपेक्षा गरेको भन्दा पनि धेरै नै राम्रो भएको भन्दै उपस्थितीको बारेमा आफूले अनुमान गरेको भन्दा पनि आफ्नो शिव शिष्यको पण्डालमा श्रद्धालुहरूको उपस्थितीको लाईन लागेको देख्दा आफूहरूमाथी महादेबको दया रहेको भन्दै सहभागी सबैलाई निःशुल्क रूपमा प्रसादको ब्यवस्था गरी प्रसाद ग्रहण गराएकोमा शिव शिष्य परिवार भाग्यमानी समेत रहेको र यसमा कसैको कर चाप समेत नरहेको फाउँण्डेसनका सिंह बताउँछन् ।

शिव शिष्यतामा कुनै पनि जात-जाति, धर्म र सम्प्रदाय आदीको भेदभाव नरहेको र शिव गुरूको बारेमा एक चोटी सबैले बुझ्नु आवश्यक रहेको शिव शिष्य हरीन्द्रानन्द फाउँण्डेसनका अशोक गुप्ता बताउँछन् । अहिले दिन प्रतिदिन शिवलाई गुरू बनाउँनेहरूको संख्यामा बृद्धि भई रहेको जानकारी दिदै गुरू र शिष्य रूपीको सम्बन्ध बनाए पछि जीवनमा धेरै नै असहज परिस्थितीहरू टरेर जाने गरेको अनुभव शिव शिष्य हरीन्द्रानन्द फाउँण्डेसनका गुप्ता सुनाउँछन् ।

त्यसैगरी महाशिवरात्रीको अवसरमा गुरूको यसरी कार्य गर्न मौका पाएकोमा आफू धेरै नै भाग्यमानी भएको र आफूमाथी महादेवको धेरै नै दया रहेको कुरा शिव शिष्य हरीन्द्रानन्द फाउँण्डेसनका राम बहादुर यादव बताउँछन् । आफू जहाँ रहे पनि, जुन अवस्थामा रहे पनि, जे काम गरे पनि यसमा केही पनि बन्देज नरहेको तथा थप केही त्याग पनि गर्नु नपर्ने भएकोले ज्ञानका लागी शिवलाई गुरू बनाउँनु एकदम नै सहज उपाय रहेको कुरा शिव शिष्य हरीन्द्रानन्द फाउण्डेसनका यादब बताउँछन् ।

शिवलाई गुरू बनाउँनका लागी मात्र तीन सूत्र रहेकोमा पहिलोमा आफ्नो गुरूसंग मनमनै दया माग्ने, दोस्रोमा एक अर्कासंग आफ्नो शिव गुरूको बारेमा चर्चा गर्ने र तेस्रोमा मनमनै नमन गर्ने अथार्त आफ्नो गुरूलाई प्रणाम गर्ने हो । जसका कारण यो मानव जीवनका लागी धेरै नै सहज उपाय हो ।

## २६ प्रतिशत महिलामा पाठेघर खस्ने समस्या

काठमाडौं । मधेशमा २६ प्रतिशत महिलामा पाठेघर खस्ने समस्या रहेको पाइएको छ । 'हेल्दी नेपाल कम्युनिटी फाउण्डेसन'ले मधेशका जिल्लाहरूमा गरेको अध्ययनमा करिव २६ प्रतिशत महिलामा कुनै न कुनै प्रकारको पाठेघर खस्ने समस्या रहेको पाइएको हो । फाउण्डेसनले सन् २०१६ देखि २०१८ सम्म मधेशका सप्तरी, सिरहा, धनुषा, सर्लाही, रौतहट, बारा, चितवन, मकवानपुर र नवलपरासी जिल्लाका ४५ हजार महिलाको अध्ययन गरेको थियो । ती मध्ये ३४ हजार ९ सय ६० को पाठेघर खस्ने समस्या पहिलो स्टेजमा रहेको पाइएको फाउण्डेसनले जनाएको छ ।

फाउण्डेसनले ९ वटै जिल्लामा पाठेघर खस्ने समस्या निराकरणका लागि निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन गरेर १० हजार ८ सय महिलालाई औषधी र पाठेघर खस्न रोक्ने रिङ पेसरी उपलब्ध गराएको थियो । त्यस्तै ३ सय ६० जनाको पाठेघरको शल्यक्रिया नै गरिएको थियो । अध्ययनमा संलग्न फाउण्डेसनकी कार्यक्रम संयोजक डा. सदीक्षा गिरीले मधेशमा ब्याप्त बाल विवाह, जन्मान्तर थोरै राखिनु, कुपोषण, सुत्केरी अवस्थामा उचित हेरचाहको कमीका कारण यो समस्या बढेको हो । भारत सरकार, भारतीय राजदूतावासले महिला सशक्तिकरणका लागि तीन बर्षमा तीन चरणमा सम्पन्न गरेको यो परियोजनाको कुल अनुदान रकम ४ करोड ९४ लाख ७० हजार ८ सय ४० रूपैयाँ थियो ।

## विद्यालयमा अब गुनासो पेटिका




महोत्तरी । प्रदेश २ का सबै विद्यालयमा गुनासो पेटिका राख्नुपर्ने भएको छ । प्रदेश २ को शिक्षा विकास निर्देशनालयले प्रदेशभित्रका सबै विद्यालयमा गुनासो पेटिका राख्न निर्देशन दिँदै पत्राचार गरेको छ । गुनासो सम्बोधन गर्नको साटो विद्यार्थीलाई हप्काउने, गाली गलौज गर्ने, पिट्ने गरेको कारण समस्या आउन थालेपछि गुनासा सम्बोधन गर्न भन्दै निर्देशनालयले पत्राचार गरेको हो ।

विद्यार्थीलाई आफ्ना गुनासो राख्न सहज बनाउन गुनासो पेटिकाको व्यवस्था गर्न निर्देशन गरिएको निर्देशक रमाकान्त शर्माले बताए । गुनासो राख्न जाँदा बिद्यालयका प्रधानाध्यापकहरूले हप्काउने, गाली गलौज गर्ने, पिट्ने गरेको कारण सबै बिद्यालयमा गुनासो पेटिकाको व्यवस्था गर्न लागिएको उनको भनाइ छ । गुनासो पेटिका निश्चित दिनमा खोल्ने र परेका गुनासाहरू गुनासो रजिष्टरमा उतार्ने, गुनासो समाधानको लागि शिक्षक स्टाफ बैठकमा छलफल गर्ने गरी व्यवस्था मिलाउन भनिएको छ ।




## दुई कर्मचारी घुससहित पक्राउ

नेपालगञ्ज । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बाँकेका दुई कर्मचारीलाई घुससहित पक्राउ गरेको छ । नेपालगञ्जस्थित आयोगको कार्यालयले मङ्गलबार साँझ बाँकेका दुई सरकारी कार्यालयमा छापा मारेर रू ८७ हजार घुससहित दुई कर्मचारीलाई नियन्त्रण लिएको हो । अख्तियारका नेपालगञ्ज कार्यालयका प्रमुख गणेश गैरले विशेष सूचनाका आधारमा नेपालगञ्ज भन्सार कार्यालयका नायबसुब्बा लक्ष्मण चन्दलाई रू ५२ हजार र आयातनिर्यात गुणस्तर प्रमाणीकरण कार्यालय, बाँकेका कार्यालय प्रमुख तथा खाद्य अनुसन्धान अधिकृत विनोदकुमार श्रीवास्तवलाई रू ३५ हजार घुससहित रङ्गेहात नियन्त्रणमा लिएको बताए ।

## तौलेश्वरनाथमा हजारौं दर्शनार्थीले गरे दर्शन

मणि प्रसाद गैह्रे, कपिलवस्तु ।

कपिलवस्तुको सदरमुकाम तौलिहवामा रहेको तौलेश्वरनाथ मन्दिरमा दर्शनार्थीहरूको घुइंचो लागेको थियो । महाशिवरात्रीको पर्वको अवसर मन्दिरमा १० औ हजार श्रदालु भत्तजनहरूको घुइँचो लागेको थियो । प्रत्येक वर्ष महाशिवरात्रीको अवसरमा यहाँ भक्तजनको ठूलो घुइँचो लाग्ने गरेको छ । नेपालका कपिलवस्तु, दाग, अर्घाखाँची, रूपन्देही, नवपरासी तथा छिमेकी देश भारतका विभिन्न स्थानहरूवाट तौलेश्वरनाथको दर्शन गर्न श्रद्धालु भत्तजनहरू यहां आएका थिए । बिहानै नुहाइधुवाई गरी चोखो लुगा लगाएर महादेवलाई तामाको लोटाबाट गङ्गाजल, गाईको दूध र सखरले स्नान गराइ फलफूल, मिठाइ, धतुरो र बेलपत्र चढाउने परम्परा छ। महाशिवरात्रिको दिन महादेवलाई पूजा गर्नाले घरमा सुख, शान्ति र पारिवारिक समृद्धि बढ्ने भन्ने धार्मिक विश्वास छ ।

## स्थानीय सम्वाद

# विकासमा 'कम्प्रोमाइज' हुँदैन



## निरसल साह
## मेयर, मलंगवा नगरपालिका, सर्लाही

**मलंगवा नगरपालिका पूर्व-पश्चिम महेन्द्र राजमार्गदेखि २५ कि.मि. दक्षिण अवस्थित सबै जातजातिको बसोबास भएको र ३०.४४ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको तथा करिब ८ हजार २० घरधुरी तथा ४६ हजार ५१६ जनसंख्या रहेको यस नगरपालिका सर्लाही जिल्लाको सदरमुकाम प्रदेश न. २ को मध्य भागमा रहेको छ । अधिकांश भूमि समथर रहेको यो नगरपालिकामा वर्षातको पानी जम्ने समस्या रहेको छ । भारतको बिहार राज्य सीतामढी जिल्ला अन्तरगत सोनबर्षा जाने मुख्य प्रवेशद्वार यसै नगरपालिकामा पर्दछ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।०१२५ को निर्णयबाट गठन भएको यस नगरपालिकामा मिति २०७३।११।२७ को निर्णयानुसार साविक, गम्हरिया, खुटौना र भांडसर गा.बि.स. समेत समावेश गरि क्षेत्र विस्तार भएको हो ।**

**० मलंगवा नगरपालिकाको मेयरमा निर्वाचित भएदेखि के के कामहरू गर्नुभयो त ?**

– हामीले गत वर्षको बजेटबाट ७५ प्रतिशत सडक तथा बाटोघाटोमा लगाएका थियौं र २५ प्रतिशत बजेट अन्य सामाजिक कार्यमा खर्च गरेका छौं । हामी निर्वाचित भएलगत्तै मलंगवा नगरपालिकामा स्मार्टसिटीको योजना परेको थियो । यस नगरपालिकाको ४०/४२ सडकहरूमा स्मार्टसिटी योजनाअन्तर्गत कार्य चलिरहेको छ । यस्तै, अन्य क्षेत्रहरूमा पनि हाम्रा योजनाहरू तीव्र गतिमा चलिरहेको छ ।

**० यस नगरपालिकामा केकस्ता समस्याहरू छन् ?**

– यस नगरपालिकामा मापदण्डसम्बन्धी धेरै समस्या थियो । नयाँ संरचना र सडकहरू विस्तार गर्दा समस्याहरू आएका छन् । सडक सञ्जाल विस्तार हुँदा जनतालाई अलिअलि पीडा त अवश्य भएको छ । स्मार्टसिटी योजनाअन्तर्गत सडक विस्तार गर्दा धेरैको घरहरू भत्काउँदा थुप्रै मुद्दाहरू नगरपालिकामाथि परेको छ । तर, विस्तारै सुधार गर्दै मापदण्ड स्पष्ट पारेर कामहरू अगाडि बढिरहेको छ । समस्याहरू आउँछन् तर हामीले सहजीकरण गर्दै काम गरिरहेका छौं ।

**० स्मार्टसिटी योजनाअन्तर्गत केकस्ता कार्यक्रमहरू छन् ?**

– स्मार्टसिटी योजनाअन्तर्गत २० किलोमिटर नाला र पिच सडक छ । १५ करोडको लागतमा निर्माण हुने बस स्ट्यान्ड र भवन निर्माण, ढलान, शौचालय निर्माण लगायतका कार्यक्रमहरू छन् । यस क्षेत्रको विकास गर्न दुई वटा पोखरी बनाउन १० करोड बजेट छुट्याइएको छ ।

**० पर्यटनका सम्भावनाहरू के-के छन् ?**

– यहाँ सबभन्दा ठूलो पर्यटनको सम्भावना रहेको १२ बिघामा बौधी माताको पोखरी रहेको छ । त्यहाँ भोला बाबा र माता पार्वतीको मन्दिर पनि छ । त्यहाँ बजार लगाउने टहरा पनि छन् । हामीले त्यसलाई राम्ररी सदुपयोग गर्न सक्यौं भने पर्यटनको रूपमा विकास हुनसक्छ । त्यसलाई पनि हामीले मध्यनजर गर्दै पर्यटन क्षेत्रको विकासका लागि योजनाहरू बनाउँदैछौं ।

**० तपाइँहरूको कामबाट मलंगवा नगरपालिका जनता कतिको खुशी छन् त ?**

– यहाँका जनता एकदम खुशी छन् । हामीले जनतालाई भनिरहेका छौं कि विकास निर्माणको मामिलामा कुनै किसिमको कम्प्रोमाइज नगर्नुस् । हामीले जुन कार्यका लागि जति बजेट छुट्याएका छौं त्यो एकदम पारदर्शी छ, त्यसमा कुनै कमीकमजोरी भयो भने हामीलाई भन्नुस् । त्यहीं अनुसार जनताको सल्लाह र सुझावअनुसार प्रत्येक वार्डहरूमा काम भइरहेको छ ।

**० तपाइँहरूले निर्वाचनका बेला केकस्ता नाराहरू दिनुभएको थियो ?**

– हामीले निर्वाचनका बेला सबभन्दा ठूलो समस्या थियो बाटोघाटोको, त्यसमा सबभन्दा बढी बजेट दिएका छौं । त्यसैगरी, शिक्षा, स्वास्थ्य, कृषि लगायतका आधारभूत विषयमा सुधार ल्याउने लगायतका वाचाहरू गरेका थियौं । पहिला यहाँ स्वास्थ्य क्षेत्रको जुन अवस्था थियो, त्यसमा अहिले लाखौं गुणा सुधार भएको छ । यहाँ शिक्षाको पनि एकदम दयनीय अवस्था थियो, त्यसमा पनि हामीले सुधार गरेका छौं । हामीले निर्वाचनका जुन प्रतिबद्धताहरू गरेका थियौं त्यहीं अनुसार काम अगाडि बढाएका छौं ।

**० भनेपछि मलंगवा नगरपालिकाका जनताले स्थानीय सरकारको महसुस गरेका छन् ?**

– एकदमै गरेका छन् । तपाइँहरूले पनि यहाँ आएर अनुगमन गर्न सक्नुहुन्छ । वर्षौंदेखि यहाँ स्थानीय प्रतिनिधिविहीनताको अवस्थामा निश्चितरूपमा जनताका आवश्यक्ता र आकांक्षा धेरै छन् तर पनि हामीले ती सबै कुरा पूरा गर्न लागि परेका छौं । त्यसैले जनता पूर्णरूपमा सन्तुष्ट छन् भनेर भन्दिँन तर हामीले जुन किसिमले काम गरिरहेका छौं त्यसबाट जनता सन्तुष्ट नै छन् ।

**० स्थानीय निर्वाचनपश्चात् जसरी सिंहदरबार गाउँगाउँमा भनिन्थ्यो, यो लागू भएको छ ?**

– नेपालमा अहिले तीन तहको सरकार कायम भएको छ । स्थानीय, प्रदेश र संघीय सरकारले आआफ्नो काम गरिरहेको छ । तर सबभन्दा बढी नजिकको सरकार स्थानीय नै भएकोले त्यसको अनुभव गर्न पाएका छन् । हामीले जनतामा स्थानीय सरकारको उपस्थिति महसुस गराएका छौं । अहिले पनि हामीले प्रदेश र संघीय सरकारबाट पाउनुपर्ने कतिपय कानूनहरू पाउन सकेका छैनौं । कतिपय कानूनहरू प्रदेश र संघीय सरकारबाट हामीले पाउन सकेका छैनौं । जसकारण प्रदेश सरकारले पनि संघीय सरकारप्रति गुनासो गरिरहेका छन् । तर, आंशिक रूपमा हामीले भ्याएसम्म यहाँका जनताले सिंहदरबार गाउँगाउँमा महसुस नगरेपनि हामी प्रयासरत् छौं ।

**० संघीय सरकारको मातहतमा रहेको तराई/मधेश समृद्धि कार्यक्रमका योजनाहरू मलंगवा नगरपालिकामा आएको छ कि छैन ?**

– यो कार्यक्रम अहिलेसम्म हाम्रो नगरपालिकामा आएको छैन । यसका दायरा के-के हो, यसभित्र केकस्ता कार्यक्रमहरू छन् भन्ने मलाई अहिलेसम्म थाहा छैन । मैले पनि सुनेको मात्रै छु कि यस्ता कार्यक्रमहरू छन् तर यहाँ लागू भएको अवस्था छैन ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# भारतमा अभिनन्दनको जस्तो जुङ्गा बनाउने होड

एजेन्सी । पाकिस्तानले हालै पक्रेर छाडिदिएका भारतीय सेनाका लडाकु विमान चालक अभिनन्दन वर्तमानको चर्चा भारतभरि 'राष्ट्र नायक' का रूपमा छ । त्यतिखेरै भिन्न प्रकृतिको देखिने उनको दाह्री-जुङ्गाको चर्चा समेत त्योभन्दा कम छैन । धेरै भारतीयले त्यस्तै नक्कल गरेका छन् ।

पाकिस्तान प्रशासित कश्मीरमा खसालिएको भारतीय लडाकु विमान चालक वर्तमान पक्राउ परेको केही घण्टामै देशभरि नायकका रूपमा छाएका थिए ।

गत हप्ता स्वदेश फर्कँदा उनलाई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा तामझामपूर्ण स्वागत गरिएको थियो । उनी सामाजिक सञ्जालहरूमा यतिधेरै चर्चित भए कि धेरै भारतीयले उनको जस्तो दाह्री-जुङ्गा हुनुलाई साहसको प्रतीकका रूपमा लिन थाले ।

दूध ब्राण्ड 'अमुल'ले समेत उनको दाह्री-जुङ्गाको प्रसिद्धि जोडिने विज्ञापन भिडिओ सार्वजनिक गरेको छ । उक्त ब्राण्ड सामाजिक सञ्जालहरूमा प्रसिद्धि बटुलिरहेका शैली र विषय समातेर विज्ञापन बनाउने शैलीका लागि प्रसिद्ध छ ।

तर ह्यान्डलबार भनिने यो घुमाउरो शैलीको जुङ्गा भारतमा असामान्य मानिँदैन । तिनमा धेरैले बलिवूडका खलनायक पात्र, अभिमानी सेना वा प्रहरी एवम् कुख्यात तस्करको झल्को देख्थे ।




धेरैजसो नकारात्मक अर्थमा अल्झेको यो शैलीको समेत पछिल्ला केही दिनमा उद्धार भयो जब यो साहस र देशप्रेमको पर्यायवाचीको रूपमा देखिन थाल्यो ।

कतिसम्म भयो भने दक्षिण भारतको एउटा शहर बैङ्लोरको एउटा कपाल काट्ने पसलले अभिनन्दन वर्तमानको जस्तो कपाल र दाह्री-जुङ्गा बनाउन चाहनेलाई पैसा नै लिएन । ती पसलका मालिका ननेश ठाकुरले भने, 'अभिनन्दनले हाम्रो देशको लागि निकै धेरै गरेका छन् । मलाई लाग्यो मैले थुप्रै मुहारहरूलाई उनको जस्तै बनाउने प्रयास गर्नुपर्छ ।'

उनको उत्साह भने सोचेजस्तो रहेन अथवा भनौं उनले नसोचेको आराम पाए- जब उनीसामु आउने तिनजना मात्र अभिनन्दनको जस्तो दाह्री-जुङ्गा बनाउन योग्य ठहरिए ।

त्यस्तै शैली बनाउन सफल एकजना एम्बुलेन्स चालक नविन कुमारले भने, 'उनी साँच्चिकै नायक हुन् । त्यसैले मैले पनि त्यस्तै बनाउन चाहेँ ।' धेरै लामो दाह्री-जुङ्गा नहुँदा अभिनन्दनको जस्तै देखिन नसकेकाहरूको मोह चाहिँ सेनाहरूको आम जुङ्गाशैली पछ्याउन खोजेका देखिन्थे । र थुप्रैले त्यस्ता तस्बिरहरू सामाजिक सञ्जालमा राखेर अभिनन्दनबाट आफू प्रभावित भएको बताएका थिए ।

यति धेरै प्रसिद्धि बटुलेका अभिनन्दनललाई अधिकांश भारतीयले पहिलोपटक भने २७ फेब्रुअरीमा मात्र देखेका थिए । जतिखेर पाकिस्तानको सूचना मन्त्रालयले रगताम्मे देखिने उनको भिडिओ पहिलो पटक ट्वीट गरेर पछि हटाएको थियो । दोस्रो भिडिओमा चाहिँ उनी चियाको चुस्की लिइरहेका थिए । उनको आँखामा पट्टी पनि थिएन र उनको मुहारमा त्यसअघि देखिएको रगत समेत पुछिएको थियो ।

आफ्नो नाम, दर्जा र आफू दक्षिण भारतको भएको बताएका उनले पाकिस्तानपट्टि छिर्नुको उद्देश्य सोधिँदा भने 'आफूले त्यो बताउन नसक्ने' भनेका थिए । उनको त्यस गुणलाई 'साहस' र 'स्थिर स्वभाव' भन्दै धेरै भारतीयहरूले प्रशंसा गरेका थिए । ट्वीटर तथा फेसबुकमा उनलाई फिर्ता ल्याउनुपर्ने प्रार्थना र दबावमिश्रित अभियान नै चलेको थियो ।

गत शुक्रबार दुवै देशका पञ्जाब प्रान्त जोडिने वागा बोर्डरमा भारतीय अधिकारीले अभिनन्दनलाई स्वागत गरिरहँदा राजधानी दिल्लीमा आतसबाजी गरिएको थियो । त्यहीँ सीमाको भारततर्फ भारतीय झण्डा र उनको तस्बिर बोकेर घण्टौं कुरेका मानिसहरूले उनलाई राष्ट्र नायक भन्दै स्वागत गरेका थिए ।

## राष्ट्र विखण्डनको गतिविधि हुनु दुर्भाग्यपूर्ण : राप्रपा अध्यक्ष थापा



जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष कमल थापाले खुलेआम राष्ट्र विखण्डनको गतिविधि हुनु दुर्भाग्यपूर्ण रहेको बताएका छन् । पार्टीद्वारा सञ्चालित मेची महाकाली राष्ट्रिय स्वाभिमान यात्राको क्रममा जनकपुरधाम पुगेका अध्यक्ष थापाले पवित्र भूमि जनकपुरमा सिके राउत समूहबाट विखण्डनको क्रियाकलाप भएकोमा दुःखद रहेको बताए । उनले भने, 'विखण्डनको आवाज उठ्नु सामान्य कुरा होइन, यसलाई समयमै निस्तेज पार्नु पर्छ । राप्रपाले सरकारलाई पूर्ण सहयोग गर्नेछ ।' अध्यक्ष थापाले राष्ट्र विखण्डनको पक्षमा गतिविधि गर्नेमाथि नियन्त्रण र कारबाही दुबै गर्नुपर्ने सरकारसँग माग समेत गरे । मधेशका जनता राष्ट्रवादी रहेको बताउँदै अध्यक्ष थापाले भने, 'पहाडी होस् या मधेशी कुनै पनि देशभक्त नेपाली देश विभाजन होस् भन्ने ईच्छा राख्दैनन्, विखण्डनको बीउ रोप्न चाहनेलाई छुट नदिन म सरकारसँग आग्रह गर्दछु ।'

## मैथिली भाषा-साहित्यको संरक्षणमा जोड

जनकपुरधाम । मैथिली भाषाप्रति अपनत्व बोध गरेमा मानक सम्बन्धमा विद्यमान द्विविधाको अन्त्य हुन सकिने धारणा विज्ञले व्यक्त गरेका छन् ।

मैथिली विकास कोषद्वारा जनकपुरमा आयोजित 'मैथिली भाषा-साहित्य संरक्षणमा चुनौती र निदान' विषयक विमर्श कार्यक्रममा उनीहरूले परस्परमा बोलिने र अभिव्यक्ति गरिनेमा बोधगम्यता छ भने भाषाप्रति द्विविधाको कुनै प्रश्नै नआउने बताए ।

मैथिली बोलिरहेको अवस्थामा पनि कुन भाषा बोलिरहेको छु, कुन भाषा हो जस्ता प्रश्न अपनत्व बोधको अभावले उत्पन्न भएको चर्चा गर्दै उनीहरूले शब्दको उच्चारणले मैथिली भाषाप्रति भ्रम उत्पन्न गर्ने प्रवृत्ति चिन्ताको विषय भएको बताए ।

भाषाविद् डा रामावतार यादवले मैथिली भाषा सुरक्षित भाषाको श्रेणीमा रहे पनि स्खलनबाट बचाउन सुझाव दिए । मैथिली भाषाको प्रयोग क्षेत्रको विस्तार, साक्षरतामा वृद्धि र पुस्तान्तरणको आवश्यक्ता रहेको पनि उनले बताए ।

साहित्यकार डा राजेन्द्र विमलले मैथिली भाषा-साहित्य, कला, संस्कृतिको दार्शनिकताबारे बोध गराउन अर्को विवेकानन्दको आवश्यक्ता रहेको बताए । प्रा परमेश्वर कापडीले मैथिलीप्रति बढ्दै गएको राग र संवेग उज्वलताको संकेत भएको उल्लेख गरे । प्रा डा भागेन्द्र झाले राज्यप्रति मुखापेक्षी नभई भाषालाई पुस्तान्तरण गरी अपनत्व बोध गराउनु अपरिहार्य रहेको बताए ।

## कैलाली...

गरे तर अखण्ड पहाडेहरूले उक्त आमसभामा आक्रमण गरे र थारूहरूलाई क्षति पुऱ्याए । यसको केहि दिनमा अखण्ड पहाडेहरूले कैलालीको टीकापुरमा थारूहरूलाई जितेको उपलक्ष्यमा विजय जुलुस मनाउने कार्यक्रम राखे । उक्त विजय जुलुस सफल बनाउन एक दुई दिन अघि पहाडेहरूले मोटरसाइकल ऱ्याली निकाले । पहाडेहरूको त्यो विजय ऱ्याली र थारूहरूबीच कैलालीको दुगौली तरियामा झडप भयो । त्यस झडप पछि वातावरण तनावपूर्ण भएकाले प्रशासनले कैलालीको टीकापुर क्षेत्रमा कर्फ्यु जारी गऱ्यो ।

२०७२ भदौ ७ गते दिउँसो १ बजे तिर पचास हजार भन्दा बढि थारूहरू गाउँ गाउँबाट टीकापुरमा जम्मा भए । त्यहाँ लागिरहेको कर्फ्युले पचासौ हजार थारूहरूलाई रोक्न सकेन । पहाडेहरूको पुस्तौ पुस्तौसम्मको अकल्पनीय अत्याचारबाट पीडित भएका थारूहरूले टीकापुरमा लागेको कर्फ्यु देखेनन् । पहाडे प्रशासनले के सोचेको थिए भने कर्फ्युको नाम सुनेर डराएर नै कोही थारू पनि आउदैन होला भनेर त्यहाँ थोरै संख्यामा प्रहरीहरू राखिएको थियो । तर अत्याचार ,पीडाले सीमा नाघेको थारू समुदाय ज्यान माया मारेर टीकापुर आए र त्यो दुखद घटना भयो । जहाँ ७ प्रहरीको दुखद मृत्यु भयो । टीकापुर घटनाको संक्षिप्त घटनाक्रम यहि हो ।

यो घटना सुनियोजित हुँदै होइन, पहाडेहरूले थारूहरूलाई वर्षौंदेखि गरेको अमानवीय दमनले सृजना गरेको भवितव्य मात्र हो । त्यसैले यस घटनामा आरोपी सांसद रेशम चौधरीलगायतका थारू नेताहरूलाई तोकिएको जन्मकैदको फैसला त्रुटिपूर्ण रहेको छ ।

हुन् त सम्मानित अदालतले गरेको फैसलालाई सम्मान गर्नु पर्दछ तर नेपालको कानुनको विकास र न्यायामुर्तिहरूको मनोवैज्ञानिक विकासको इतिहास हेर्ने हो भने सम्मान जाग्दै जाग्दैन । एउटै राजद्रोह घटनामा मुछिएका धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज जोशी, गंगालाल श्रेष्ठ, टंकप्रसाद आर्चाय आदि खुल्ला मञ्चमा राणाशासन विरूद्ध मुर्दाबादको भाषण गर्ने श्रेष्ठ, माथेमा, चन्द, जोशी भन्नु नै पर्ने हो भने नेवारहरूलाई मृत्युदण्डको सजाय दिइन्छ । तर बाहुन भएकै कारण टंकप्रसाद आर्चायलाई बाहुनको टुपी काटी गाउँ निकाला गर्ने सजाय दिइन्छ । त्यहि मनोविज्ञानमा हुर्केको नेपालको कानुन र न्यायलयलाई कसरी निष्पक्ष भन्ने । रक्तपातपूर्ण राजनीतिक क्रान्तिको पृष्ठभूमिबाट आएका प्रचण्ड, केपी ओली, बाबुरामहरू न्यायको कठघरामा उभियाइन्न तर मधेशी-थारूहरू उपर ब्रजपात गरिन्छ । राजपा नेपालका नेता, थरूहट आन्दोलनका प्रणेता, माननीय सांसद रेशम चौधरीकोबारेमा सम्मानित कैलाली न्यायलायको जन्मकैदको फैसला दुर्भाग्यपूर्ण छ । हाइप्रोफाइल मुद्दा रहेकाले पेल्नुपर्ने नियतले फैसला आएको छ । हालै जिल्ला अदालतका माननीय न्याधीशहरूलाई माथिबाट प्रधान न्यायाधीशबाट कारबाही भइ बेइज्जत हुनु भन्दा लौ जा जन्मकैद भन्ने मनोविज्ञानबाट फैसला आएको छ । जतिबढी आरोपितलाई थुन्न सकियो त्यति अब्बल हुइने र सहि फैसला मानिने मनोविज्ञान न्यायलयमा विकास हुँदै जानु न्यायलाय प्रतिको सम्मान घटतै जानु हो, जुन अत्यन्त दुःखद हो ।

यस्तो फैसला आउनुमा मधेशी-थारू प्रति राज्यको पेलाइवादको उपज पनि रहेको छ । सरकारले गठन गरेको लाल आयोगको प्रतिवेदन सार्वजनिक गरेको भए न्याय गर्न अदालतलाई सजिलो हुने थियो तर सरकारले त्यसो नगरेर मधेशी-थारूलाई दमित गर्न खोजेकै हो जुन अत्यन्त खेदजनक छ । सरकारवादी मुद्दामा सरकारद्वारा नै छानविनका लागि गठित आयोगको रिपोर्ट न्याय पक्षधर अदालतले पनि माग्नु पदर्थ्यो । मानवअधिकार आयोग र एम्नेस्टी इन्टरनेशनलको रिपोर्टलाई पनि फैसलाको आधार बनाउनु पदर्थ्यो । सय जना दोषी छुटिनु हुन्न तर एक जना पनि निर्दोष नपरून भन्ने नारा अब नेपालमा ठयाक्कै उल्टिएको छ । अन्तमा सम्मानित कैलाली जिल्ला अदालतको फैसलाको सम्मान गर्दै पुनरावेदन र उच्च अदालत जानु नै अबको कानुनी विकल्प हो । त्यसबेलासम्म हामीले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नु गराउन सक्नु पर्छ । तर राजनीतिमा कानुनी विकल्प मात्रै सबै थोक होइन, अदालत र न्यायमूर्ति अन्यायी राजनीतिक परिवर्तनको मुद्दाको निम्ति हुन सक्छ, कानुन र ऐन त यथास्थिति पक्षधर हुने न हो, त्यसलाई पनि परिवर्तन फेरी राजनीतिले नै गर्ने हो । यस परिस्थितिमा देशका संम्पूर्ण उत्पीडित जाति, समुदाय, क्षेत्र, वर्ग, लिङ्ग एकीकृत हुनुपर्दछ । पहिचान र न्याय पक्षधर राजनीतिक शक्तिहरू एकता एव मोर्चाबन्दी गरि राष्ट्रिय मुक्तिको आन्दोलनको उद्घोष गर्नुपर्दछ । यसको नेतृत्व राजपाले गर्न सक्नु पर्दछ । यो एतिहासिक मांग र आधार पनि हो ।

## राजपामा...

सम्बोधन गरिएको छ । निर्वाचन आयोगमा बुझाइएको विधानमा प्रष्टसँग महाधिवेशन पछि पनि अध्यक्षमण्डल रहनेछ भनी राखिएको छ । विधानको धारा ३१ को दफा १२ मा प्रष्टसँग भनिएको छ, 'अध्यक्षमण्डलको व्यवस्था आउँदो महाधिवेशनपछि समेत रहनेछ ।' सो प्रावधानले महाधिवेशनपछि राजपामा अध्यक्षमण्डल रहने देखिएको छ । तर कार्यकर्तालाई बाँड्न छापिएको विधनमा सो बुँदा हटाइएको छ । महाधिवेशनपछि पनि अध्यक्षमण्डल कायम रहने छ भनी बुँदा हटाएर कार्यकर्ताहरूलाई विधान बाँडिएको छ । सो विधान अहिले कार्यकर्ताको हात हातमा पुगेको छ । पार्टीका अधिकांश कार्यकर्ताको चाहना भने महाधिवेशनपछि पार्टी एकल नेतृत्वमा चल्नुपर्छ भन्ने छ । गत असारको पहिलो हप्तामा बसेको राजपाको राजनीतिक समितिको बैठकले महाधिवेशनपछि राजपाको अध्यक्षमण्डल खारेज गने निर्णय गरेको थियो । पार्टीलाई एकल नेतृत्वमा लैजान पार्टीमा एकजना मात्र अध्यक्ष राख्ने निर्णय सो समितिले गरेको थियो । तर अध्यक्षमण्डलका सदस्यहरूले महाधिवेशनपछि पनि आफूहरू अध्यक्षमा कायम रहन विधानमै महाधिवेशन पछि पनि अध्यक्षमण्डल कायम रहने व्यवस्था विधानमा राखेका छन् ।

यता, पार्टीको एक महिनाभित्र तल्लो तहको अधिवेशन सकिने सम्भावना नरहेपछि वैशाख पहिलो साताका लागि तय गरिएको महाधिवेशन फेरि सर्ने सम्भावना बढेर गएको छ । महाधिवेशन मिति वैशाख ७ देखि ९ नजिकिए पनि राजपाले अहिलेसम्म विधानसमेतको टुंगो लगाउन सकेका छैन ।

अध्यक्षमण्डलका सदस्यहरूले तोकेकै समयमा महाधिवेशन गर्ने दाबी गर्दै आए पनि वैशाख पाहिलो साता महाधिवेशन हुनेमा पार्टीका अधिकांश नेता तथा कार्यक्रकर्ता नै विश्वस्त छैनन् । राजपाले सदस्यता वितवरण अभियान फागुन मसान्तसम्म समय तोकेको छ । यसअघि फागुन १५ सम्म सदस्यता वितरण कार्यक्रम टुंग्याउने भनिएकोमा अध्यक्षमण्डलका संयोजक महेन्द्र यादवले विज्ञप्ति निकाली फागुन मसान्तसम्म सदस्यता वितरणको समय थपेका छन् ।

फागुनसम्म सदस्यता वितरण गरे महाधिवेशनको आन्तरिक तयारी गर्न राजपालाई एक महिना मात्र समय हुनेछ । एक महिनाभित्र राजपाको वडा, गाउँ/नगर, क्षेत्रीय, जिल्ला तथा प्रदेश अधिवेशन हुने सम्भावना कम रहेको पार्टीका नेताहरू बताउँछन् ।

## जिल्ला समाचार

### "सरकारले लगानी सुरक्षाको ग्यारेन्टी दिन्छ"

जनकपुरधाम । कार्यक्रममा विशिष्ट अतिथि एवं प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले लगानी भित्र्याउन आवश्यक सबै पूर्वाधार तयार गरेर लागनीको सुरक्षाको सुनिश्चितता समेत प्रदेश सरकारले ग्यारेन्टी गर्ने प्रतिवद्धता जनाए । आफुहरू सरकार गठनकै बेलादेखि लगानी मैत्री वातावरण निर्माण गर्ने नीति लिएको उल्लेख गर्नु हुँदै उहाँले त्यसका लागि आवश्यक कानून निर्माणको प्रक्रिया समेत शुरू भै सकेको बताए । मुख्यमन्त्री राउतले चैत्र मसान्तभित्र उद्योग सम्बन्धि कानून आफुहरू बनाइसक्ने जानकारी गराउँदै त्यसपछि लगानी भित्र्याउने विषयमा सहयोग गर्न विज्ञ एवं नेपाल उद्योग परिसंघका पदाधिकारीहरूलाई आग्रह समेत गरे ।

### छोरी शिक्षामा लगानी आवश्यक: वडाअध्यक्ष

रौतहट । निर्वाचित भएदेखि छोरीहरूको प्राविधिक शिक्षा निःशुल्क रूपमा निजि स्रोतबाट दिँदै आएका गौर नगरपालिका वडा नं.१ का वडा अध्यक्ष भरत साहले निःशुल्क कम्प्युटर शिक्षाको पाचौं सत्र सफलतापूर्वक सम्पन्न हुन लागेको देखेर आफु निकै उत्साहित रहेको बताएका छन् । आफ्नै कार्यकक्षमा पत्रकारसँग छोरीहरूको शिक्षाको विषयमा संक्षिप्त कुरा गर्दै वडा अध्यक्ष साहले सामाजिक विकासको एउटा महत्वपूर्ण पाटो शिक्षा रहेको ठहर गरे । आधुनिक वैज्ञानिक यगमा पुरूष मात्र शिक्षित भएर समाज राष्ट्र शिक्षित नहुने जिकिर गर्दै साहले परिवार, समाजको विकासको लागि शिक्षामा लगानीको विकल्प नरहेको बताए । प्रदेश सरकारले बेटी बचाउ, बेटी पढाउ अभियान ल्याएकोले त्यसै अभियानलाई सफल बनाउने उद्देश्यले आफूले निःशुल्क कम्प्युटर कक्षा संचालन गर्दै आएको उल्लेख गरे । फाल्गुन १९ गतेदेखि २९ गतेसम्म छैठो सत्रका लागि नयाँ भर्ना लिने तथा चैत्र १ गतेदेखि कक्षा शुरू गरिने जानकारी गराउँदै वडाअध्यक्ष साहले आफ्नो अवधिसम्म यस कार्यको निरन्तरता दिने बताए । बालिकालाई शिक्षित बनाउने आफनो लक्ष्य रहेकोले जुनसुकै हालमा आफ्नो लक्ष्य पूरा गरेर छाड्ने प्रतिवद्धता जनाए ।

### मानवअधिकार तथा अविभेद सम्बन्धी तालिम

सिरहा । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकामा साझा आवाज परियोजनमार्फत आयोजित तीनदिने मानवअधिकार तथा अविभेद सम्बन्धी तालिम सम्पन्न भएको छ । सखुवानन्कारकट्टी गाउँपालिकाका २५ जनालाई मानवअधिकार, संविधानमा भएको ब्यवस्था, सूचना र समानताको हकसहितका विषय अभिमुखिकरण गरिएको नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका जिल्ला परियोजना संयोजक जयराम विश्वकर्माले बताए । तालिमको समापन अवसरमा वडा नम्बर ५ महेशवारीका वडाअध्यक्ष बैधनाथ यादव, इलाका प्रहरी कार्यालयका असई रमेश झा, मानवअधिकार पैरवी संजालका संयोजक सत्यनारायण साह तथा संघका अध्यक्ष मोहन पासवानले तालिमका सिकाइएका कुराहरू गाउँमा जातिय विभेद मुक्तिका लागि प्रयोग गर्न आग्रह गरे । तालिममा टिकाराम विश्वकर्मा, प्रमोद सदा, राकेशप्रसाद चौधरीसहितका ब्यक्तिहरूले मानवअधिकार, सुचना एवं समानताको हकबारे अभिमुखिकरण गरेका थिए । साझा आवाज परियोजना युरोपियन युनियनको सहयोगमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, मिडिया एड्भोकेसी ग्रुप तथा एफसीएले संयुक्त रूपमा संचालन गर्दै आएको छ ।

### न्युरो हस्पिटलद्वारा रक्तदान कार्यक्रम

बीरगंज । एलएस न्युरो एण्ड जेनेरल हस्पिटल प्रा.लि. बीरगंजद्वारा आयोजना गरिएको रक्तदान कार्यक्रममा ४ महिला सहित ४४ जनाले रक्तदान गरेका छन् । अस्पतालका प्रबन्ध निर्देशक रामप्रवेश प्रसादको सभापतित्वमा सम्पन्न रक्तदान कार्यक्रमलाई एलएस न्युरो एण्ड जेनेरल हस्पिटल प्रा.लि. बीरगंजका संचालक एवं वरिष्ठ न्युरो सर्जन डा श्यामबाबु प्रसादले रक्तदान गरि कार्यक्रम उद्घाटन गरेका थिए । रक्तदान गर्नेहरूमा हिन्दू परिषद् नेपालका राष्ट्रिय अध्यक्ष संतोष पटेल, नेविसंघका केन्द्रिय सदस्य सुदिप पटेलसहित रक्तदान गर्नेहरूमा राजेश जैसवाल, सरोज यादव, सन्नी गुप्ता, सपना चौरसिया, मन्तोष पटेल, पुरूषोत्तम चौरसिया, अजित साह, रूपेश चौरसिया, राजेश पटेल, सबिन यादव, वेद प्रकाश कुर्मी, बाबुनन्द पटेल, राजु कुर्मी, उमेश राम, रहिम अन्सारी, संतोष साह, अनिल कुर्मी, धिरेन्द्र चौधरी, निरन्जन पटेल, सुजित मिश्रा, मुकेश यादव, अनिल चौरसिया, अविनाश पटेल, प्रतिक पटेल, ममता कर्ण, कोयल जैसवाल, आशुदेश तिवारी, सुरेन्द्र पटेल, तेजनारायण चौधरी, अरूण पटेल, सुनिल कुर्मी, सन्दिप कुशवाहा, विकेश साह वेद प्रकाश पटेल, नन्दिप चौधरी, अर्जुन पटेल, जितेन्द्र महतो, इन्दु चौधरी, डा प्रमोद ठाकुर, अमित पटेल लगायतले रक्तदान गरेका थिए ।

### गैरकृषि व्यवसायको छनौट तथा उत्प्रेरणा तालिम

कपिलवस्तु । जिविकोपार्जन तथा वातावरण सुधारद्वारा समुदायको उत्थानशीलता सवलीकरण परियोजना अर्न्तगत कपिलवस्तुको यशोधरा गाउँपालिका, २ र ३ बसन्तपुरमा गैरकृषि व्यवसायको छनौट तथा उत्प्रेरणा सम्बन्धी दुईदिने तालिम दिइएको छ । युनाइटेड मिशन टु नेपाल संस्थाको सहयोगमा दलित सामाजिक बिकास केन्द्र कपिलबस्तु आयोजना परियोजनाअन्तर्गत तालिममा व्यवसायको आवश्यकता, व्यवसायमा उत्प्रेरणा र व्यवसाय महसुस गराउने र स्थितिमा सुधार ल्याउने झल्को पार्ने गरि र महिलाहरूलाई आयआर्जनमूलक कामहरूमा लाग्न प्रेरित गर्न थालेको र महिलालाई उद्यमी र व्यवसायी बनाउन सके आर्थिक, सामाजिक रूपमा नै परिवर्तन हुने भन्दै महिलाहरूलाई आयआर्जनमूलक कामहरूमा लाग्न उत्प्रेरित गर्न ३० जना महिला सहभागी गराइएको तालिमका प्रशिक्षक विजय सापकोटाले बताए । उद्यम तथा व्यवसाय सुरू गरे मात्र आर्थिकरूपमा मजबुत हुने भएकाले महिलाहरूलाई आयआर्जनका कामहरूमा लाग्न प्रेरित गर्न थालिएको यस तालिमबाट आर्यआर्जन, सिपबिकास, क्षमता बिकासका कुराहरू, व्यवसाय प्रर्वद्धन गर्न आफुहरू यस्ता किसिमका तालिम पाउदा फलदायी भएको यशोधरा गाउपालिका महिला सहभागीहरूले बताईन् ।

### सुरक्षा सर्तकता बढाउन आग्रह

**नरेश के.सी,** भैरहवा । रूपेन्देहीका उद्योगी व्यवसायीले जिल्लामा रहेका उद्योग प्रतिष्ठानको सुरक्षामा राज्यले विशेष ध्यान दिनुपर्ने माग गरेका छन् । व्यवसायीहरूले राज्यले लगाएको हरेक किसीमका कर तिरीरहेको , राज्यको कानुन अनुसार चलिरहेको तर राज्यले सुरक्षाको प्रत्याभूति गर्न नसकेको भन्दै गुनसो समेत गरेका हुन् । आइतबार जिल्ला प्रशासन कार्यलय रूपन्देहीमा आयोजित एक छलफल कार्यक्रममा उद्योगी व्यवसायीका नेताहरूले यस्तो गुनासो गरेका हुन् । छलफलमा रूपन्देही सुनचादी व्यवसायी संघका अध्यक्ष एम वि विश्वकर्माले बहुमुल्य धातूको कारोबार गर्ने सुनचादी व्यवसायी सधैं असुरक्षीत हुनुपर्ने बातवरण अन्तय गर्न आग्रह गरेका थिए । उनले सुनचादी पसलहरूमा बारम्बार चोरी हुने तर प्रहरी प्रशासनले सधैं चोरको नजिक पुग्यौं भन्ने तर कहिल्यै पक्राउ नगर्ने भन्दै आक्रोस समेत व्यक्त गरे । उनले भने, 'विगतमा बुटवलमा चोरी बढ्दा सुनचादी व्यवसायीले प्रहरीलाई गस्तीकोलागी ९ वटा साईकल समेत दियो तर ती साईकल हुदा सम्म गस्ती भयो पछि हुन सकेन । प्रहरी सुरक्षा सर्तकतामा अझै क्रियासील हुनुपर्छ ।'

### छत्रपालीले जित्यो उपाधी

दिलिप कुमार यादव, कपिलवस्तु । कपिलवस्तुको मायादेवी गाँउपालिकाको पकडीमा सम्पन्न प्रथम मायादेवी गाँउपालिका स्तरीय राष्ट्रपती रनिङ्ग शिल्डको उपाधी छत्रपाली तिर्थादेबी मावी पकडीले जितेको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शनी गरेको छत्रपालीले सर्वाधिक १८ स्वर्ण, ८ रजत र ४ कास्य सहित पहिलो स्थान जितेको हो । गाँउपालिकाको पाँच बिद्यालय सहभागी राष्ट्रपती रनिङ्ग जनता मावि बलुहवा दोस्रो, स्वतन्त्र माबि रतनपुर तेस्रो, मुनेश्वर मावि बहरबासी चौथो र लाईट अफ एशिया मावि पाचौ भएका थिए । गाँउपालिका अध्यक्ष बजरंगी प्रसाद चौधरी, प्रदेशसभाका सदस्य सहसराम यादव, वडा अध्यक्षहरू सुकदेव तिवारी र संदिप तिवारीले बिजेता बिद्यालयका प्रअ नरेन्द्र बहादुर चौधरीलाई रनिङ्ग शिल्ड र प्रमाणपत्र प्रदान गरेका थिए ।

### महिला हकअधिकारसम्बन्धी सम्मेलन

विराटनगर । प्रदेश १ मा महिला हक अधिकारसम्बन्धी प्रादेशिक महिला सम्मेलन सम्पन्न भएको छ । सामाजिक विकास मन्त्रालयद्वारा १०९औं अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा 'महिला हक अधिकारीसम्बन्धी प्रादेशिक महिला सम्मेलन-२०७५' भएको हो । सो कार्यक्रममा प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले तीन तहका सरकारको सहकार्यबाट महिला अधिकार स्थापित गर्नुपर्ने बताएका छन् । सम्मेलनमा १३५ स्थानीय तहका उपप्रमुख, प्रदेशसभामा महिला सदस्य र गैरसरकारी संस्थाका विज्ञ, महिला मानव अधिकारकर्मीको सहभागिता रहेको थियो ।


स्वदेशी जडीबुटीबाट नेपालमै बनेको सिंहदरबार बैद्यखानाको च्यवनप्रास ५०० ग्रामको रू. ६५०/- र स्वदेशी जडीबुटी नै प्रयोग गरी भारतीय कम्पनी पतंजलीले बनाएको सोही बजनको च्यवनप्रासको मूल्य रू. २०८/- यो कसरी हुन गयो । बैद्यखाना सिध्याउन लाग्नेहरू खोज्ने हो कि ? **जेपी गुप्ता**


रेशम चौधरीलाई चुनाव लड्न दिने यही राज्यको चुनाव आयोग, कांग्रेस, एमाले माओवादीलाई हराउँदै अत्याधिक मतले जिताउने यही राज्यका मतदाता,जन्मकैद सुनाउने यही राज्यको अदालत । रेशमका ठाउँमा नेकपा डबलको कुनै ठेकदार, बिचौलिया वा भान्जो भएको भए फैसला के हुँदो हो ? **खग्रेन्द्र संग्रौला**


म आफ्नै कुरा गर्छु । मैले कुनै अपराध गरेको छैन । न त कानुन उल्लंघन गरेको छु तर ३० वर्षदेखि मुद्दामा अल्झेको छु, अल्झाईएको छ किन कि म मधेशको राजनीतिमा छु । विद्रोहका लागि के त यो कारण पर्याप्त छैन ? **सरिता गिरी**


मान्छेको २४ घण्टाको एक दिन हुन्छ । इतिहासको १२ बर्षको एक दिन हुन्छ । मान्छेले हरेक बिहान मुख धुन्छ । इतिहासले हरेक १०/१२ बर्षमा मुख धुन्छ । इतिहासले मुख धुनु भनेको क्रान्ति हो । कुशासन यती बढ्यो कि देशमा एउटा अर्को क्रान्ति सुस्तरी सर्वत्र महशुस हुन थालेको छ । **डम्बर खतिवडा**


आतंकवादको विषयमा आफुलाई कता उभ्याउने भन्ने निर्णय गर्ने अधिकार सरकारसँग सुरक्षित छ तर मौन बस्नु समयानुकूल नहोला । सल्लाहकारहरूले जे भने पनि नेपालको प्राथमिकता आर्थिक, सामाजिक एवं राजनीतिक कारणले भारत र चीन नै हो । नदुखेको टाउकोलाई डोरीले बेरिएर दुखाउने प्रयास गर्नु बुद्धिमानी होईन । **देवेश झा**


नेपाली राजनीतिमा पटक-पटक हिंसा प्रयोग गरियो, तर के हामीले त्यसलाई 'अब अन्तिम भयो' भन्ने सामाजिक-आर्थिक अवस्था बनाउन सक्यौं तर ? कतै अहिंसात्मक ढंगले संवाद गरेर आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने आम सहमतिपूर्ण बाटो रोज्न चुक्यौं किर ? **चन्द्रकिशोर**


प्रदेशमा आफ्नै दलको सरकार निर्माण गरेर बस्ने केन्द्रमा कहिले सरकारलाई समर्थन गर्ने कहिले फिर्ता लिने यस्तो दोधारे नीति किन ? रेशमलाल चौधरी त बहाना मात्र हुन् संघीय सरकारमा सहभागी हुन अवसर खोज्दैछ राजपा । सक्छ भने सांसद पद र प्रदेश सरकार छाडोस् , समर्थन फिर्ता राजनीति मात्र हो । **संगीता रेग्मी**


यो त अन्याय माथी अन्याय भो । राष्ट्रिय जनता पार्टीका संसद माननीय रेशमजी लगायत ११ जनालाई जन्मकैद ? साच्चिँकै हामी थारू भएर होला आज जनप्रतिनिधिलाई जन्मकैद जस्तो फैसला सुनाएको छ । अन्यायको पक्षमा फैसला गरेको यो जल्दाबल्दा नश्वालबादी सरकारले देशमा १० बर्ष जनयुद्ध गराउने प्रचण्डलाई खै त जन्मकैद गरेको ? **सौरभ राजवंशी**

## महतोका स्वकीय सचिवद्वारा राजीनामा

काठमाडौं । धनुषा निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्यमा प्रत्यक्ष निर्वाचित सांसद तथा राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता राजेन्द्र महतोका स्वकीय सचिव रविन्द्र कुमार चौधरी (राजेश)ले राजीनामा दिएका छन् ।

चौधरीले मधेश आन्दोलनको भावना र मर्म विपरीत सांसद, मन्त्री बनाउनेदेखि अनेकौ आर्थिक कृयाकलापमा संलग्न रहेको आरोप लगाएका छन् । उनले मधेशको माग पूरा बिना नै मन्त्री बन्न प्रयासरतको कारण मधेशको भावनामा कुठाराघात गरिरहेकोले आफूले महतोको स्वकीय सचिवबाट राजीनामा दिएको सामाजिक सञ्जालमा उल्लेख गरेका छन् ।

## रेशम चौधरीलाई...

ओली, गिरिजाप्रसाद कोइराला जेल जानु पर्‍यो । रेशम चौधरी मात्रै किन जाने ?

यसैगरी, स्वतन्त्र राजनीतिक समूहका संयोजक तथा सांसद हृदयेश त्रिपाठीले रेशम चौधरीलाई अदालतले न्याय गर्न नसकेको बताएका छन् । प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद त्रिपाठीले अदालतले फैसला गरेपनि न्याय भने दिन नसकेको टिप्पणी गरे ।

प्रतिनिधिसभा बैठकमा सांसद त्रिपाठीले भने, 'हाम्रा अदालतले फैसला गर्छन् न्याय गर्दैनन् भनेर एकजना पूर्व प्रधानन्यायाधीशले आजै मलाई भन्नुभएको थियो, यो कुरा सही लाग्यो ।'

**सरकारलाई कुनै फरक नपर्ने**

प्रधानमन्त्रीका रूपमा केपी शर्मा ओलीलाई दिएको समर्थन राजपाले फिर्ता लिए पनि त्यसको असर सरकारलाई नपर्ने भएको छ ।

प्रतिनिधिसभामा राजपाका १६ सांसद छन् । चुनावमार्फत १७ सिट जितेको भए पनि रेशम चौधरीले भने केपी ओलीलाई मत दिन पाएका थिएनन् । राजपाको पछिल्लो निर्णयले सरकारलाई नैतिक अप्ठ्यारो पर्ने भए पनि दुई तिहाईको हैसियतमा भने कुनै असर पर्ने छैन ।

प्रधानमन्त्री ओलीलाई अझै उनको दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अतिरिक्त संघीय समाजवादी फोरमको समर्थन छ । दुई दलको क्रमशः १ सय ७४ र १६ गरी कूल १९० सिट छ ।

प्रतिनिधिसभाको कुल आकार २ सय ७५ को दुई तिहाई हुन १ सय ८४ सांसदको समर्थन चाहिन्छ । फोरमले समर्थन गरिरहेसम्म सरकार दुई तिहाईकै हैसियतमा रहिरहन्छ । यद्यपि, यसअघि सरकारले तीन चौथाई सांसदको समर्थन प्राप्त गरेको थियो । अब राजपाको समर्थन नरहने भएपछि सरकारको तीन चौथाईको हैसियत भने अब रहने छैन ।

# कर्मचारीहरूलाई भारतमा तालिम

काठमाडौं । नेपाल सरकार अर्थ मन्त्रालयका २२ कर्मचारीको तेश्रो टोलीले 'इन्स्टिच्यूट अफ गभर्मेन्ट अकाउन्ट्स एण्ड फाईनान्स' मा सञ्चालन भइरहेको 'ग्लोबल पर्सपेक्टिभ्स अन पब्लिक फाइनान्सियल म्यानेजमेन्ट' विषयको तालिम सोमबारदेखि सुरू गरेको छ ।

उक्त तालिम भारत सरकार विदेश मन्त्रालयको 'भारतीय प्राविधिक तथा आर्थिक सहकार्य कार्यक्रम' अन्तर्गत सञ्चालन भइरहेको छ । कूल ६२ कर्मचारीहरूलाई प्रदान गरिने यस विशेष तालिम नेपालको अर्थ मन्त्रालयको अनुरोध तथा आवश्यकता अनुरूप तयार पारिएको हो ।

यस तालिमले विद्युतीय भुक्तानी प्रणाली, लेखाविधि तथा रकम व्यवस्थापन, सार्वजनिक ऋण प्रणाली, वैदेशिक ऋण/अनुदान तथा प्रतिदानको लेखाविधि, पेन्सन भुक्तानी प्रणाली, आन्तरिक लेखापरिक्षण, आर्थिक जिम्मेवारी तथा बजेट व्यवस्थापन आदि विषयहरूमा चलिरहेको विश्वव्यापी अभ्यासबारे सहभागीहरूको क्षमता अभिवृद्धि गर्नेछ ।

यस अघि ४० नेपाली कर्मचारीहरूले (दुई टोलीका २०-२०) आफ्नो १० दिने तालिम



सफलतापूर्वक सम्पन्न गरेका थिए । आइएनजीएएफ भारत सरकारको सार्वजनिक अर्थ व्यवस्थापन क्षेत्रको आधुनिक सिकाई सुविधायुक्त एक प्रमुख तालिम केन्द्र हो ।

अर्थ क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल यस संस्था आन्तरिक लेखा परीक्षकों (आईएए) फ्लोरिडा, अटलांटा स्कूल ओफ पब्लिक पा'लिसी, ड्यूक विश्वविद्यालय, प्रबंधन विकास संस्थान (एमडीआई) गुरूगांव, भारतीय प्रबंधन संस्थान, बेंगलुरू आदि जस्ता प्रमुख संस्थाहरूसँग आबद्ध छ । आइएनजीएएफ संसारभरका विकासशील मित्र राष्ट्रका कर्मचारीहरूललाई आइटीइसी कार्यक्रम अन्तर्गत व्यवसायिक तालिम प्रदान गर्ने एक साझेदार संस्था हो ।

## चार-चार बन्दरगाहमा पहुँच

काठमाडौं । नेपालले छिमेकी भारत र चीनका चारचार सामुद्रिक बन्दरगाहमा पहुँच स्थापित गर्न प्रक्रिया अघि बढाएको छ । चीनका चार बन्दरगाह प्रयोग गर्न सरकारले गृहकार्य अघि बढाएको छ । चीनका एक सय ३५ भन्दा बढी बन्दरगाहमध्ये नेपाललाई जुनसुकै बन्दरगाह प्रयोग गर्नसक्ने आश्वासन दिएपछि नेपाली भूमिबाट नजिक पर्ने चार बन्दरगाह उपयोगमा ल्याउने तयारी भएको हो । चीनतर्फका सबै बन्दरगाह नेपाली भूमिबाट तीन हजार पाँच सय किलोमिटर टाढा छन् ।

नेपालले भारतसँग दुई (हल्दिया र विशाखापट्टम) बन्दरगाह प्रयोग गर्दै आएको छ । अब भारतका थप दुई उडिसाको ढर्मा र गुजरात मुन्द्राको अदामी बन्दरगाह प्रयोग गर्ने प्रक्रियामा सरकार जुटेको छ । सरकारले चीनका तियानजिन, लियनयुंगा, सेन्जेन र झानजियाङ बन्दरगाह प्रयोगमा ल्याउन लागेको हो ।

## सम्भाव्यता अध्ययन

काठमाडौं । नेपालका प्रमुख तीन ठूला नदी कोशी, गण्डकी र कर्णालीमा पानीजहाज सञ्चालन गर्ने सम्भावनाअन्तर्गत गण्डकीको नवलपरासीमा सम्भाव्यता अध्ययन गरिएको छ । नेपाल र भारतका उच्चस्तरीय अधिकारी सम्मिलित संयुक्त टोलीले नारायणी नदी सहित गण्डक ब्यारेज र गण्डक क्षेत्रअन्तर्गत १२ नं स्परको सम्भाव्यता अध्ययन गरेको छ । नवलपरासीको गण्डक क्षेत्रसँगै नारायणी नदीमा पानीजहाज सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिएको हो । अध्ययन अवलोकनपश्चात यस क्षेत्रमा पानीजहाज सञ्चालनको सम्भावना उच्च रहेको नेपाली टोलीका संयोजक एवं जल तथा ऊर्जा आयोग सचिवालयका सहसचिव माधव बेलवासेले बताए ।

# आर्थिक समाचार

## प्राइमद्वारा बेन्चडेस्क हस्तान्तरण

काठमाडौं । प्राइम कमर्सियल बैंक लि. ले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदेश नं. – ३, काभ्रेपलाञ्चोक जिल्ला, रोशी गाउँपालिका मंगलटार स्थित मंगल जनबिजय क्याम्पसका बिद्यार्थीहरूलाई अध्ययनमा सुबिधा पुर्‍याउने हेतुले ६० वटा बेन्च डेक्स बनाई एक समारोहका बीच कार्यक्रमका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिबराज श्रेष्ठज्यूले क्याम्पस प्रशासनलाई हस्तान्तरण गरेका छन् । साथै सो क्याम्पसमा अध्ययनरत बिद्यार्थीहरूलाई नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक महेश्वर लाल श्रेष्ठज्यूले बैंकिङ्ग चेतनामूलक शिक्षा प्रदान गरि बैंक तथा बित्त सम्बन्धी अन्तरक्रिया समेत गराएका थिए ।

## वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं । प्रदेश नं.–३, दोलखा जिल्ला, जिरी नगरपालिका, जिरी उद्योग बाणिज्य संघ र प्राइम कमर्सियल बैंक लि. को संयुक्त आयोजनामा नगरपालिका कर्मचारी र उद्योग बाणिज्य संघका सदस्यहरूलाई नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिबराज श्रेष्ठ प्रमुख आतिथ्यमा बित्तिय साक्षरता कार्यकम सम्पन्न भएको छ । सो कार्यकममा डेपुटी गभर्नर श्रेष्ठले समसामयिक बैंकिङ्ग अबस्था, चुनौती, समाधानका उपाय एवं अबसरका बारेमा स्पष्ट पारेका थिए भने नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक महेश्वर लाल श्रेष्ठले बैंकिङ्ग साक्षरता कार्यक्रम अन्तर्गत बैंक तथा बित्त सम्बन्धी ज्ञानबर्द्धक प्रस्तुति दिए । उक्त कार्यक्रममा जिरी नगरपालिकाका मेयर टंक जिरेल, जिरी उद्योग बाणिज्य संघका अध्यक्ष गेल्बु शेर्पा लगायत समाजका अन्य लब्धप्रतिष्ठित ब्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।









## बेलायती र भारतीयद्वारा फिल्मसम्बन्धी तालिम

काठमाडौं । चलचित्र विकास बोर्डको पहलमा फिल्म संरक्षण सम्बन्धी कार्यशाला सुरू भएको छ । काठमाडौंको चावहिलस्थित बोर्डकै प्रिभ्यु थिएटरमा जारी कार्यशालामा तालीम संयोजक बेलायत निवासी डेभिड वल्स र भारतीय शिवेन्द्र सिंह डुंगरपुरले प्रशिक्षण दिए । यसअघि काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै शिवेन्द्रले एनालग प्रविधिसँगै डिजिटल युगमा पनि फिल्मको संरक्षणको रणनीति उत्तिकै महत्वपूर्ण रहेको बताएका थिए । अन्तर्राष्ट्रिय फिल्म आर्काइभ संघका सदस्य तथा ट्रेनर डेभिड वेल्सले फिल्मले समय र संस्कृति पनि जीवित राख्ने भएकाले इतिहासका लागि पनि धेरै फिल्महरू जीवित राख्नु पर्ने बताए ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं